# अध्याय एक

# शोधपरिचय

## १.१. शीर्षक

यस अध्ययनको शीर्षक कक्षा **नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन** रहेको छ ।

## १.२. शोधप्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा दोस्रो वर्षको नेपा. शि. ५९८ पत्रको प्रयोजनार्थ आवश्यकता पूर्तिको लागि तयार पाएिको छ ।

## १.३ समस्याकथन

यस शोधमा झापा जिल्लाको लखनपुर गा. वि. स. का विभिन्न सरकारी तथा निजी विद्यालयहरूको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु रहेकाले यस अध्ययनसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

क) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

ख) लिङ्गका आधारमा छात्र तथा छात्रामा पठनबोध क्षमता कस्तो छ ?

ग) निजी तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

घ) सहरी तथा ग्रामीण क्षेत्रका विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

ङ) विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी समस्या के कस्ता छन् ?

## १.४. उद्देश्य

उक्त शोधको उद्देश्यहरू निम्नानुसार छन् :

क) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु,

ख) लिङ्गका आधारमा छात्र तथा छात्रामा पठनबोध क्षमता पहिल्याउनु,

ग) संस्थागत तथा सामुदायिक विद्यालयहरूका विद्यार्थीहरूमा पठनबोध क्षमता पहिल्याउनु,

घ) सहरी तथा ग्रामीण क्षेत्रका विद्यार्थीहरूमा भएको पठनबोध क्षमता पहिल्याउनु
ङ) विभिन्न समूहका विद्यार्थीहरूमा रहेको पठनबोध क्षमतामा भएको समस्या पहिल्याई समस्या समाधानका उपायहरू सुझाउनु,

## १.५ पूर्वकार्यको अध्ययन

पूर्वकार्यको समीक्षाअन्तर्गत प्रस्तुत शोधकार्यसँग सादर्भिक के कस्ता प्रयासहरू विगतमा भएका छन् भन्ने कुराको जानकारी लिनु हो । हाम्रो देशमा नेपाली विषयअन्तर्गत बोध क्षमताको अध्ययन नगन्य रूपमा मात्रै अनुसन्धान भएका छन् । तीमध्ये केहीले अन्य पक्षलाई महŒव दिइएको छ । अतः विगतमा जे जति कार्यहरू भए तिनीहरूको लेखाजोखा गरी वर्तमानका लागि कार्यहरू तर्जुमा गर्नु सान्दर्भिक हुन्छ ।

वि.सं २०३९ सालमा रेनुका शाक्यद्वरा लिखित शोध शीर्षक “सामाजिक कथा विधा पठनबोध एक अध्ययन” भन्ने रहेको छ । उक्त शोधकार्यमा परिचय, समस्याकथन उद्देश्य, महŒव, परिकल्पना, सीमाङ्कन, अध्ययनविधि भनेर अध्ययनका विधिहरू तय गरिएका छन् । परिचय खण्डमा बोध के हो ? बोधका प्रकारका बारेमा जानकारी दिइएको छ । अध्ययन विधिमा पाँचओटा विद्यालयलाई छनोट गरी विद्यार्थीहरूलाई प्रश्नपत्र दिई विद्यार्थीहरूलाई उत्तर लेख्न लगाइएको छ । उक्त शोधमा पठनबोध क्षमताको सामान्य परिचय पाउन सकिन्छ । अध्येताले सम्बन्धित कक्षाका विद्यार्थीहरूमा पठनबोध क्षमताको विकास स्तरभन्दा निकै न्यून रहेको निष्कर्ष निकालेका छन् ।

शंकरकुमार राईले पनि (२०३९) पठनबोधसँग सम्बन्धित भएर गरेको अर्को अध्ययन “दसौँ श्रेणीमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा मौनपठनबोध एक अध्ययन” शीर्षक रहेको छ । यस अध्ययन विद्यार्थीहरूमा रहेको मौन पठनबोध क्षमता पहिचान गर्नु र यसमा रहेका कमीकमजोरीहरू पहिल्याई उक्त कमीकमजोरीहरू निराकरणका लागि सुझाव दिनुजस्ता प्रमुख उद्देश्यमा केन्द्रित रहेको छ । उनको शोधपत्रमा तत्कालीन शिक्षण प्रक्रियामा बोध प्रश्नोत्तर अभ्यास अनुपयुक्त वा कम मात्रामा भएको र विद्यार्थीहरूमा पनि उपयुक्त क्षमताको अभाव भएको निष्कर्ष निकालिएको छ ।

“प्राथमिक तहको नेपाली भाषा विषयका सरकारी विद्यालयका पाठ्यपुस्तकको बोधगम्यता सम्बन्धी अध्ययन” (२०५२) केदारप्रसाद शर्माद्वारा गरिएको पाइन्छ । उक्त अध्ययन प्राथमिक तहका सरकारी विद्यालयका पाठ्यपुस्तकको बोधगम्यतासम्बन्धी अध्ययन

भए पनि बोधलाई नजिकबाट नियालेको पाइन्छ । उक्त अध्ययनमा प्राथमिक तहका सरकारी विद्यालयका पाठ्यपुस्तकहरू बोधगम्य नै छन् तर नेपाली मातृभाषी र नेपालीभन्दा अन्य मातृभाषा भएका विद्यार्थीहरू तथा विभिन्न विकसित र अविकसित क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरूको क्षमतामा विविधता हुने भएकाले नेपाली मातृभाषीभन्दा अन्य मातृभाषी तथा पहाड र काठमाडौँ उपत्यकाका विद्यार्थीहरूभन्दा तराई क्षेत्रका विद्यार्थीहरूका लागि नेपाली भाषा पाठ्यपुस्तक कम बोधगम्य भएको निष्कर्ष निकालिएको छ । कुनै पनि पाठ्यपुस्तक विद्यार्थीहरूको पठनबोध क्षमतामा आधारित हुने भएकोले विभिन्न समूहका विद्यार्थीहरूमा नेपाली मातृभाषा नभएका विद्यार्थीहरूका लागि पठनबोध क्षमता कमजोर रहेको छ भन्न सकिन्छ ।

शोधकर्ता विष्णुहरि घिमिरेको “हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यता अध्ययन” (२०५५) बोधगम्यताका दृष्टिले उक्त पाठ्यपुस्तकको कठिनाइस्तर विद्यार्थीहरूको बोधगम्यतालाई ध्यान दिई बनाउनुपर्ने देखिन्छ । देस्रो भाषाभाषी विद्यार्थीहरूका लागि प्रस्तुत पाठ्यपुस्तक उपत्यका र तराईमा समान बोधगम्य देखिएको छ । उक्त शोधमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठहरूलाई जटिलताको क्रममा मिलाउनुपर्ने, राष्ट्रको समग्र धर्म र संस्कृतिहरूलाई सङ्क्षिप्त रूपमा भए पनि समावेश गर्नुपर्ने, पाठमा शब्दचयन गर्दा आधुनिक र व्यावहारिक शब्दहरूको चयन गरी अनावश्यक शब्दहरू हटाउनुपर्ने सुझाव पेस गरेको पाइन्छ । उक्त अध्ययनमा पनि विद्यार्थीहरूमा बोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

गुरुप्रसाद गौतम उपाध्याय (२०६०) द्वारा “कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन” शीर्षकमा शोधकार्य गरेका छन् । उक्त शोधकार्य सम्बन्धित विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउन भाषिक पृष्ठभूमि, लैङ्गिकता, स्थानीयता र क्षेत्रीयताका आधारमा अध्ययन गरिएको छ । उक्त शोधकार्यबाट विद्यार्थीहरूको पठनबोध क्षमता केलाई उनीहरूमा भएका कमीकमजोरीहरू निराकरणका उपायहरू सुझाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनमा नेपाली मातृभाषीभन्दा देस्रोभाषी, तराईबासीभन्दा पहाडबासी, सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष लिकालिएको छ । समग्रमा हेर्दा उक्त अध्ययनमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

कृष्णप्रसाद ज्ञवालीद्वारा (२०६३) गरिएको अध्ययनको शीर्षक "कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" रहेको छ । उक्त अध्ययनमा कक्षा दसमा अध्ययनरत छात्रभन्दा छात्रा, सहरियाभन्दा गाउँबासी, निजी विद्यालयभन्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर वा अनुपयुक्त रहेको निष्कर्ष निकालिएको छ । दृष्टांश र अदृष्टांश पठनबोध क्षमता नेपाली मातृभाषीभन्दा नेपाली देस्रोभाषी विद्यार्थीहरूमा राम्रो रहेको छ । तसर्थ उक्त अध्ययनमा अध्यापन गर्ने शिक्षक तथा शिक्षिकाहरू दक्ष हुनुपर्ने, अदृष्टांश बोधलाई ध्यान दिनुपर्ने, सरकारी विद्यालयका विद्यार्थीहरूलाई पठनबोध विकासका सरल उपाय अपनाई अभ्यास गराउनुपर्ने जस्ता सुझाव पेस गरिएका छन् ।

उपर्युक्त अनुसन्धानहरूमा विभिन्न वर्ग र समूहका विद्यार्थीहरूमा पठनबोध क्षमता केन्द्रित रही गरिएका अनुसन्धानले विभिन्न समूहका विद्यार्थीहरूमा पठनबोध क्षमता त्यति सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ ।

## १.६. अध्ययनको क्षेत्र र सीमा

"कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकको शोधकार्य निम्नलिखित सीमा र क्षेत्रमा आधारित रहेको छ :

क) झापा जिल्ला, लखनपुर गा. वि. स. का वार्ड नं. १, ३ र ६ मा रहेका श्री स्टार इङ्लिस सेकेन्डरी स्कुल, श्री मङ्गलमय उच्च माध्यमिक विद्यालय, श्री वाणी माध्यमिक विद्यालय, श्री हिमाली इङ्लिस सेकेन्डरी स्कुल गरी जम्मा चारओटा विद्यालयका ९५ विद्यार्थीहरूसँग सम्बन्धित रहेको छ ।

ख) प्रस्तुत अध्ययनमा विद्यार्थीको पठनबोध क्षमता परीक्षण तथ्याङ्क विश्लेषणमा आधारित हरेको छ ।

ग) प्रस्तुत अध्ययन विद्यार्थीहरूको लिङ्गगत, भाषागत, स्थानगत, जातिगत आधारमा संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता परीक्षणमा आधारित रहको छ ।

घ) प्रस्तुत अध्ययन अपाङ्ग विद्यार्थीहरुसँग सम्बन्धित रहेको छैन ।

ङ) यसबाहेकका अन्य पक्षहरू यसका सीमा हुने छन् ।

## १.७. अध्ययनको औचित्य र महŒव

भाषा मानवीय तŒव हो । भाषा नभई मानिस बाँच्न सक्दैन । भाषाको ज्ञान हासिल गर्न सजिलो पनि छैन तसर्थ भाषा शिक्षण सिकाइपछि विद्यार्थीहरूमा व्यावहारिक परिवर्तनको अपेक्षा पाठ्यक्रमले राखेको हुन्छ । व्यक्तिमा व्यावहारिक परिवर्तन गराउन पनि धरै बाटाहरू हुन्छन् । प्रथम त विद्यार्थीको क्षमता र उमेरअनुसार भाषा पाठ्यपुस्तक र शिक्षणविधि उचित हुनु अनिवार्य ठानिन्छ । पाठ्यक्रमले अपेक्षा राखेको महŒवपूर्ण तŒव नै विद्यार्थीहरूका लागि पाठ्यपुस्तकमा राखिएका पाठहरू कतिसम्म बोधगम्य छन् भन्ने नै हो । यदि विद्यार्थीका स्तरअनुरुप पाठ्यवस्तु छैनन् भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदैन तसर्थ पाठ्यवस्तु विद्यार्थीका निम्ति बोधगम्य हुनु आवश्यक छ । अतः सही तरिकाले विद्यार्थीहरूमा बोध क्षमताको अध्ययन विश्लेषण गरी तीनमा रहेका कमीकमजोरीहरू औँल्याउने र उक्त कमीकमजोरी निराकरणका उपायहरु सुझाउनुका साथै आजसम्म भएका जति पनि अध्ययनहरूले खोज नगरेको नयाँ पक्षको अध्ययन गरी त्यस पक्षमा नयाँ तथ्य प्रतिपादन गर्नु यस अध्ययनको महŒवपूर्ण पक्ष हो । यो अध्ययनपश्चात विभिन्न विद्यालयको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई शिक्षकमार्फत प्रत्यक्ष लाभ हुने छ । शिक्षकहरूले शिक्षण गर्नका लागि आधार प्राप्त गर्ने छन् र शिक्षण संस्थाले आफ्नो कमीकमजोरी पत्ता लगाई सुधार गर्ने आधार प्राप्त गर्ने छन् ।

## १.८. भाषिक अनुसन्धानविधि

अनुसन्धान एक गहन विषय हो । जुन कार्य कुनै न कुनै उपलब्धि हासिल गर्न गर्ने गरिन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धानविधिको विवरण सबैभन्दा महŒवपूर्ण विषय हो ।

प्रस्तुत अध्ययन झापा जिल्लाको लखनपुर गा.वि.स. का कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई नै महŒव दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । माथि उल्लेख भएको शीर्षक विद्यार्थीहरूसँग अझै सम्बन्धित भएकाले उनीहरूलाई नै केन्द्रबिन्दु मानी मूलतः सर्वेक्षण विधिलाई नै अवलम्बन गरी अगाडि बढाइएको छ । उक्त अनुसन्धानलाई वस्तुगत वा तथ्यपूर्ण बनाउन जनसङ्ख्या, नमुना छनोट, सामग्री निर्माण,

प्रारम्भिक अध्ययन, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन तथा विश्लेषण र प्रस्तुतिकरणजस्ता सर्वेक्षणात्मक विधिका पक्षहरू उपययोगमा ल्याइएका छन् ।

### १.८.१. जनसङ्ख्या

कुनै पनि अध्ययन तथा अनुसन्धानका निम्ति त्यस ठाउँको जनसङ्ख्याको पूर्ण रूपमा प्रतिनिधित्व रहेको हुन्छ । यस अध्ययनका लागि जनसङ्ख्या लखनपुर १ मा रहेको एउटा संस्थागत विद्यालय र एउटा सामुदायिक विद्यालयबाट क्रमश १० र ४० जना गरी जम्मा ५० र सोही गा.वि.स. वार्ड नं. ३ मा रहेको एउटा सामुदायिक विद्यालयबाट ३५ र वार्ड नं. ६ मा रहेको एउटा संस्थागत विद्यालयबाट १० जना यस अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ ।

### १.८.२. प्रतिनिधि नमुना छनोट

प्रतिनिधि नमुना लिने क्रममा मातृभाषी र विमातृभाषी, छात्र तथा छात्रा, सहरिया र गाउँले, संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लिइएको छ । प्रस्तुत अनुसन्धानमा लखुनपुर १ स्थित संस्थागत विद्यालय स्टार इङ्लिस सेकेन्डरी स्कुलबाट ५ जना छात्र र ५ जना छात्रा र सोही क्षेत्रमा रहेको सामुदायिक विद्यालय श्री मंगलमय उच्च माध्यमिक विद्यालयाट २० जना छात्र र २० जना छात्रा लिइएका छन् । सोही गा.वि.स. वार्ड नं. ३ अवस्थित सामुदायिक विद्यालय श्री वाणी माध्यमिक विद्यालयबाट २० जना छात्रा र १५ जना छात्र त्यसै गरी वार्ड नं. ६ मा रहेको श्री हिमाली इङ्लिस सेकेन्डरी स्कुलबाट ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा ९५ जना नमुना प्रतिनिधि विद्यार्थीहरू लिइएका छन् । यसरी लखनपुर गा.वि.स. का १, ३, ६ वार्डमा पर्ने दुई संस्थागत र दुई सामुदायिक विद्यालयका प्रतिनिधि नमुनाका रूपमा लिइएका छन् ।

### १.८.३. सामग्री निर्माण

उक्त शीर्षकमा शोधपत्र तयार पार्नका लगि दृष्टांश र अदृष्टांश पाठबाट गद्यांशहरू छनोट गरिएका छन् । दृष्टांशअन्तर्गत कक्षा ९ को पाठ्यपुस्तकमा रहेको पारिजातको जीवनीबाट संक्षिप्त उत्तरात्मक प्रश्न ५ ओटा र बहुबैकल्पिक प्रश्न २५ ओटा सोधिएका छन् । त्यसै गरी अदृष्टांश प्रश्नअन्तर्गत कक्षा ११ को अनिवार्य नेपाली पुस्तकमा भएको

इन्द्रबहादुर राईद्वारा रचिएको 'रातभरि हुरी चल्यो' कथाबाट २५ ओटा बहुबैकल्पिक प्रश्न र सोही पुस्तकमा रहेको 'लेक लाग्नु' शीर्षक बोध अनुच्छेदबाट ५ ओटा लामो उत्तरात्मक प्रश्न सोधिएका छन् ।

### १.८.४. परीक्षा सञ्चालन

प्रश्नपत्र तयार भएपछि विद्यालय प्रशासनको सहयोगमा नमुना छनोटमा परेका विद्यार्थीहरूलाई राखी उक्त अनुच्छेद पढ्न लगाई उत्तर लेख्न लगाइएको छ ।

### १.८.५. परीक्षण र तथ्याङ्क सङ्कलन

उक्त परीक्षाका सञ्चालनपछि प्राप्त भएका प्राप्ताङ्क नै तथ्याङ्क विश्लेषणको आधार हो । त्यसैले परीक्षा सञ्चालनपश्चात उत्तर पुस्तिकाको जाँच गरिएको छ । दृष्टांश पाठको सङ्क्षिप्त उत्तरको हकमा एक सही उत्तरलाई ५ अङ्क प्रदान गरिएको छ । बहुबैकल्पिक प्रश्नको उत्तरमा एक प्रश्नको सही उत्तरलाई एक अङ्कको दरले जम्मा २५ अङ्क प्रदान गरिएको छ । अदृष्टांश सामग्रीका लागि पनि सङ्क्षिप्त प्रश्नको एक सही उत्तरलाई ५ अङ्क गरी जम्मा पाँच प्रश्नलाई २५ अङ्क प्रदान गरिएको छ त्यसै गरी बहुबैकल्पिक प्रश्नको हकमा जम्मा २५ ओटा प्रश्नमा प्रत्येक एक सही उत्तरलाई १ अङ्कका दरले अङ्क प्रदान गरिएको छ । यसरी दृष्टांश र अदृष्टांश गरी जम्मा १०० अङ्कको परीक्षा लिई उक्त परीक्षाबाट प्राप्त प्राप्ताङ्कलाई तथ्याङ्क विश्लेषण पद्धतिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### १.९. शोध प्रतिवेदनको रूपरेखा

अध्याय १ - शोधपरिचय

अध्याय २ - सैद्धान्तिक परिचय

अध्याय ३ - व्याख्या तथा विश्लेषण

अध्याय ४ - तुलनात्मक विश्लेषण

अध्याय ५ - निष्कर्ष तथा सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई

## सैद्धान्तिक परिचय

### २.१. बोधको परिचय

"भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्ति सञ्चार गर्छन्" (पौडेल, २०६० : ३) । भाषा भन्नाले मानवीय उच्चारण अवयवहरूद्वारा उच्चरित परम्परित, यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्था नै भाषा हो । बोध भन्नाले कुनै पनि अभिव्यक्तिलाई सुनेर वा पढेर बुझ्नु भन्ने बुझिन्छ । बोध शब्द 'बुध' धातुमा 'ञ' प्रत्यय लागेर बनेको हो, जसको अर्थ हुन्छ बुझ्नु, (ज्ञवाली, २०६३ : १५) । बोध भाषाको आदानात्मक सीपअन्तर्गत पर्दछ । हामीले कुनै पनि कुरालाई प्रस्तुत वा अभिव्यक्त गर्न पहिले बोध हुन आवश्यक छ । अङ्ग्रेजीमा बोधलाई कम्प्रिहेन्सन भनिन्छ । यसको अर्थ दिमागी कार्य, समझ शक्ति, भाषिक क्षमताको विकास हुन्छ । बोध नभई अभिव्यक्त गर्न नसकिने भएकोले बोधलाई पूर्वकार्यको रूपमा स्विकारिन्छ किनभने व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरु हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ । त्यसकारण बोध बौद्धिक कार्य, स्मरण गर्ने वा सोच्ने कार्य हो । यसले भाषिक सीपको विकासका लागि गरिने अभ्यासमा जोड दिन्छ । जसलाई तलका परिभाषाहरूमा समेट्ने प्रयास गरिएको छ ।

सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, (प्र. ने. श., २०६६ : ७३७) ।

बोध भन्नाले सुनेर वा पढेर बुझ्ने क्षमता वा सीप, जान्ने वा बुझ्ने काम, समझ, जानकारी बुझिन्छ, (ने. बृ. श., २०५८ : ९३९) ।

सुनेर, पढेर हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, ज्ञान, अनुभव, समझ, सोच, सम्झना, अनुभूति आदिलाई बोधका रूपमा अर्थ्याउन सकिन्छ (प्र.ने.श., २०६१: ७३७) ।

भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यत: सुनेका र पढेका सामग्रीहरूको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो ( शर्मा र पौडेल, २०६० : १०७) ।

बोधको मुख्य तात्पर्य वक्ताले लेख्य वा कथ्य रूपमा प्रकट गरेका अभिव्यक्ति ग्रहण गर्नसँग सम्बद्ध छ त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ (पराजुली, २०४९ : ११) ।

लिपिचिह्नद्वारा प्रस्तुत भएका विचारलाई ग्रहण गर्ने वा बुझ्ने उपायलाई पठनबोध भनिन्छ (ढकाल, २०६७ : २४८) ।

उपर्युक्त परिभाषाका आधारमा बोध भन्नाले व्यक्तिको जस्तोसुकै अभिव्यक्तिलाई देखेर, सुनेर वा पढेर त्यसमा निहित मुख्य अर्थ वा भाव ग्रहण गर्नु, त्यसमा प्रतिक्रिया व्यक्त गर्नु, विश्लेषण गर्नु, विश्लेषण तथा संस्लेषण गर्नु, खण्डन गर्नु, तर्क गर्नु, अनुमान गर्नु नै बोध हो । सामान्य रूपमा बोधलाई 'बुझ्नु' का रूपमा लिइन्छ तर यहाँ बोध (comprehension) भनेको कुनै लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूल आशय वा त्यस पाठमा रहेको सार कुरा बुझ्नु र लेख्नु हो । विभिन्न बौद्धिक सामग्रीहरूमा अन्तर्निहित अर्थ वा मर्म ग्रहण गरी त्यसको सटीक प्रकटीकरण पनि बोध नै हो । बोधका लागि दिइएको पाठ वा अभिव्यक्ति नै सम्पूर्ण कुरो हुने भएकाले पाठकै माध्यमबाट त्यसको सारभूत कुरा झिक्ने काम यसमा गरिन्छ । बोधमा शब्दको अर्थ र वाक्यको भाव थाहा पाउने मात्र नभएर पाठको सम्पूर्ण आशय पत्ता लगाउने काम पनि हुन्छ ।

मुख्यतः श्रुतिबोध र पठनबोध गरी बोध दुई किसिमका हुन्छन् । श्रुति अथवा पाठ्य, लेख्य जुनसुकै माध्यममा व्यक्त भएको भाषिक व्यवस्था, शब्दार्थ, प्रसङ्ग र तिनका बीचको अन्तरसम्बन्ध बुझ्नु बोध भएकाले श्रुतिबोध र पठनबोध परस्पर निरपेक्ष रहन सक्दैन (अधिकारी, २०५३ : ७१) ।

अनिवार्य नेपाली शिक्षण निर्देशिकामा भनिएको छ, "बोध गर्ने प्रक्रियामा बोधकर्ताले अभिव्यक्तिका मनन् गर्दै प्रस्तुत अभिव्यक्तिमा व्यक्त भएका विचार वा धारणासँग सम्बन्ध राख्दछ र स्वीकार्यताका आधारमा छनोटद्वारा बोध तŒव खोजी त्यसलाई पक्रिने कार्य गर्दछ ।" बोधको मुख्य तात्पर्य बक्ताले लेख तथा कथ्य रूपमा प्रकट गरेको अभिव्यक्ति ग्रहण गर्नसँग सम्बद्ध छ त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ, (पराजुली, २०४९ : १११) ।

जुनसुकै भाषिक अभिव्यक्तिलाई भाव वा अर्थ लेख्न वा भन्न सक्ने गरी ग्रहण गर्नुलाई बोध भनिन्छ । बोध बुझ्ने क्षमता, समझ, जानकारी, ज्ञान, अनुभव, सम्झना, सोच, अनुभूति, समझ शक्ति, भाषिक क्षमताको विकास, सचेत तथा पूर्ण रूपले बुझ्ने क्षमता, दिमागी कार्य, ग्रहण शक्ति आदिका रूपमा लिइएको पाइन्छ तर यस अध्ययनमा 'बोध' शब्द पठनबोधसँग सम्बन्धित रहेकाले निष्कर्षमा के भन्न सकिन्छ भने लिपिबद्ध रूपमा उतारिएका भाषिक सामग्रीलाई आँखा र दिमागको उपयोगद्वारा गहन एवम् गम्भीर रूपमा अध्ययन गरी

त्यसको सारतŒव, मूलमर्म, चुरो वा विचार ग्रहण गर्न सक्ने क्षमता, खुवी, पाइन, तागत शक्ति नै बोध हो ।

## २.२ बोधका प्रकार

### २.२.१. श्रुतिबोध

भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ हुन् । सुनाइ पहिलो र आधारभूत सीप हो । वक्ताले सामुन्ने आएर मौखिक अभिव्यक्ति दिएका वा यान्त्रिक उपकरणमा अभिलेख राखिएका वा प्रसारण भएका कुरा सुनेर भाव / अभिप्राय विचार बुझेर व्यक्त गर्न सक्ने क्षमता विकसित गर्न गराउन गरिने भाषिक प्रयाससँग श्रुतिबोधको सम्बन्ध देखिन्छ । पूर्वसर्तका रूपमा आउने श्रुतिबोध श्रवणकला विकासको महŒवपूर्ण आधार हो । यसले व्यक्तिको मौखिक अभिव्यक्तिलाई सुनेर श्रोताले बुझ्ने प्रक्रियासँग सम्बन्ध छ । भाषा मानवीय आवश्यकता हो । व्यक्तिगत, सामाजिक र व्यावहारिक आवश्यकताको सहज आपूर्तिका निमित्त सुनेर बुझ्नु अनिवार्य हुन्छ । मान्छेका आवश्यकताहरू असीमित हुन्छन् । ती आवश्यकतामध्येका कतिपय आवश्यकता सुनेर बुझ्ने क्षमताका कारण परिपूर्ति हुन सक्छन् । दैनिक कार्यकलापको आधारभन्दा बढी समय सुनाइले लिन सक्छ । सामान्य र निरक्षर मान्छेको जानकारीको मूल र अपरिहार्य आधार सुनाइ नै हो । काला अक्षर भैँसीबराबर हुनेका लागि जानकारीको अर्को उपाय पाउन सकिँदैन ।

साधारण किसिमका व्यक्तिलाई प्रत्यक्ष काम लाग्ने श्रुतिबोध वक्ताको हाउभाउ, अङ्गसञ्चालन चेष्टा, लय, आघातजस्ता भाषिकेतर तŒवलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने गरिन्छ । बोधविनाको श्रुति अनर्थ हुने भएकोले श्रुतिपछाडि बोध हुन आवश्यक छ । यदि श्रुतिपछि सही तरिकाले बोध भएन भने अभिव्यक्तिमा अर्थको अनर्थ लाग्न सक्छ । श्रुतिबोधमा देखा पर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ, बोलाइ मात्र नभएर व्यवहारमा पनि कमजोरी देखिन सक्छ । श्रुतिबोधको कमजोरीका कारण भाषिक सीप, सुनाइ, बोलाइ, पढाइ र लेखाइमा समस्या देखिने भएकोले श्रुतिबोधमा भएका कमजोरीहरू हटाई सुनाइ र बोलाइमा मात्र नभई पढाइ र लेखाइमा पनि पृष्ठपोषण प्रदान गर्दछ ।

ज्ञान प्राप्त गर्ने सबैभन्दा सरल र सहज उपाय सुनाइ हो । यसबाट व्यक्तिलाई यथेष्ट मनोरञ्जन प्राप्त हुनसक्छ भने कतिपय मान्छेका फुर्सदका समयको सदुपयोग पनि

यसबाट हुनसक्छ । टेपरिकर्डर सुन्दै काम गर्दा सुनाइ र काम गराइ साथसाथै हुनसक्ने अवस्था यसमा हुनसक्छ । विशेष गरी एक, दुई कक्षाहरूमा श्रुतिबोधको अर्को विकल्प नै छैन उनीहरू सुनेर मात्र बुझ्न सक्छन् । त्यसपछि बिस्तारै कक्षा बढ्दै जाँदा उनीहरूमा श्रुतिबोधप्रतिको निर्भरता घट्दै जान्छ तापनि श्रुतिबोध भने सबैतिर जुनसुकै ठाउँमा पनि गर्न सकिन्छ । मानिसमा बोध हुनुभन्दा पहिले सुन्ने क्षमता वा सीपको विकास हुनु जरुरी छ । त्यसकारण लिपिबद्ध सामग्री सुनेर बुझ्न, भाव ग्रहण गर्न, अभिप्राय बुझ्नलाई श्रुतिबोध क्षमताको विकास हुनु नित्तान्त जरुरी छ ।

श्रुतिबोध श्रवणकला विकासको महŒपूर्ण आधार हो । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका प्रमुख दुई पक्ष बोध र अभिव्यक्तिमध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित मानिन्छ । यो अभिव्यक्तिको पूर्वसर्त पनि हो । बोधविहीन सुनाइ प्रायः निरर्थक सावित हुन्छ (अधिकारी, २०५७ : २६) । मानिसमा विभिन्न प्रकारका क्षमताहरू हुन्छन् । यदि उनीहरूमा श्रुतिबोध क्षमता कमजोर छ भने उनीहरूले सुनेका कुरा राम्ररी बुझ्नु सक्दैनन् । उनीहरूका लागि ज्ञान आर्जनको मुख्य ढोका नै शाब्दिक रूपमा सीमित रहन्छ । विद्यार्थीहरूले जति धेरै सुन्ने र सुनाउने अवसर वा मौका पाउँछन् त्यति नै उनीहरूमा श्रुतिबोध क्षमता विकास हुन्छ ।

विद्यार्थीहरूमा आ-आफ्नै किसिमका बेग्लाबेग्लै रुचि, चाहाना र क्षमता हुने भएकाले उनीहरूलाई मनपर्ने र उनीहरूको क्षमताअनुसारका सामग्रीहरू जस्तै कथा, कविता, चुड्किला तथा अन्य रोचक प्रसङ्गहरू सङ्कलन गरी उनीहरूमा श्रुतिबोध क्षमताको विकास गराउन सकिन्छ तर श्रुतिबोध विकासको लागि प्रयोग गरिने सामग्रीहरू प्रामाणिक, स्तरअनुकूल, रुचिपूर्ण, ज्ञानबर्द्धक एवम् अनुकूल ढाँचामा आधारित हुनुपर्दछ ।

वास्तवमा श्रुतिबोध मानव जीवनको पूर्वार्द्धमा विकास हुने क्षमता हो । श्रुतिबोध विद्यार्थीहरूको वैयक्तिक विकासको दृष्टिकोणले पनि यो निकै महŒवपूर्ण पक्ष हो । यो ज्ञान आर्जनको महŒवपूर्ण पाटो भएकाले सुनेर बुझ्ने कार्यको कारणले भाषाका अन्य सीपहरूमा पनि प्रत्यक्ष असर पार्दछ त्यसकारण श्रुतिबोध भाषा विकास एवम् ज्ञान विकासको अपरिहार्य अङ्गका रूपमा रहेको छ ।

### २.२.२. पठनबोध

पठनकलाको उत्कृष्ट रूप मौनपठन र यसको केन्द्रिय तŒव पठनबोध हो (शर्मा र पौडेल, २०६० : १०७) । लिपिचिह्नहरूद्वारा प्रस्तुत भएका विचारलाई पढेर ग्रहण गर्ने बुझ्ने क्षमतालाई पठनबोध भनिन्छ । पठनबोध एउटा क्षमता हो । लिपिबद्ध दृष्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थ बोध गर्नु नै पठनबोध हो । मानिसमा पृथक-पृथक किसिमका इच्छा तथा चाहानाहरू, अनुभव र क्षमताहरू हुने गर्दछन् । लिपिबद्ध गरिएका चिह्नहरू पाठकले आफ्नो आँखा र मस्तिष्कका सक्रियतामा त्यसको अभिप्राय ग्रहण गर्दछ । आँखा, दृश्यात्मक प्रतीक (अक्षर, शब्द, पदावली), र अर्थानुसन्धान गरी तीन कुराको संलग्नता रहने हुनाले पठनबोध एक जटिल एवम् चुनौतीपूर्ण मानसिक कार्य हो । पठनबोधमा पाठकले सामान्यतः लेखकले लिलित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ वा विभिन्न तŒवलाई एकसाथ आँखाको माध्यमले आफ्नो मस्तिष्कमा धारण गर्दछ । यसलाई तलको रेखाचित्रमा यसरी देखाउन सकिन्छ ।

आँखा मस्तिष्क अर्थ

(स्रोत : ज्ञवाली, २०६३ : १९)

पाठकले कुनै पनि अभिव्यक्ति पढ्ने क्रममा उसले सुरुदेखिका घटनाक्रमलाई शृङ्खलामा उन्ने काम आफ्नो बौद्धिक क्षमताका माध्यमबाट गर्ने गर्दछ । तसर्थ पठनबोधमा आँखा र मस्तिष्क एक-आपसमा अन्तरसम्बन्धित भएको कुरा माथिको रेखाचित्रले प्रस्ट पारेको छ ।

कुनै पनि लिपिलाई पढेर त्यसको अर्थ थाहा भएन वा बुझेन भने त्यसको पढाइको कुनै अर्थ वा काम हुँदैन । पाठकले बोधको भाषिक व्यवस्थाअनुसार शब्दहरूको अर्थ निर्धारण गर्ने उक्त अर्थले त्यस भाषाको व्यापक ढाँचालाई सम्बद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरूको शृङखलामा उन्ने प्रक्रिया पठनबोधमा संलग्न रहन्छन् अथवा लिपिबद्ध गरिएका कुराहरूलाई पाठकले आँखाको माध्यमबाट मस्तिष्कको सक्रियतामा त्यसलाई ग्रहण गर्छ र मस्तिष्कमा तर्कबितर्क गरी भाव वा आशय ग्रहण गर्ने काम गर्दछ जसलाई 'कृष्णप्रसाद ज्ञवाली' ले आ□नो शोध "कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" मा रेखाचित्रलाई यसरी देखाएका छन् ।

(स्रोत : ज्ञवाली, २०६३ : १९)

माथिको रेखाचित्रबाट के स्पष्ट हुन्छ भने पाठकले मस्तिष्क र आँखाको सक्रियतामा अर्थ ग्रहण गरी मस्तिष्कमा अर्थ निर्माण भई बोध हुन्छ ।

प्रत्येक भाषाको आ-आफ्नै किसिमको भाषिक व्यवस्था हुन्छ । पठनबोध एक आदानात्मक भाषिक सीप हो । विद्यार्थीको क्षमताका आधारमा विद्यार्थीले ज्ञान प्राप्त गर्ने एक ज्ञानको ढोका पठनबोध हो । यो साक्षर वा लेखपढ गर्न सक्ने व्यक्तिहरूका लागि उपयोगी हुन्छ । त्यसैकारणले विद्यार्थीहरूमा विशिष्ट ज्ञान आर्जन गराउनको लागि रोचक, सीपमूलक कुराहरू हुन आवश्यक छ । विद्यार्थीहरूमा जति धेरै पठन-पाठनमा जोड दिइन्छ त्यति विद्यार्थीहरूमा क्षमता विकास भएर जान्छ । त्यति मात्र होइन पठनबोधको विकासले भाषाका अन्य सीपहरूमा पनि उसलाई प्रभावित पार्न सक्छ । यसरी पठनबोधले विद्यार्थीहरूको संज्ञानात्मक एवम् भाषिक दुवै कुराहरूको विकासमा महŒवपूर्ण भूमिका खेलेजस्तै पठनबोधको विकासमा पनि विद्यार्थीद्वारा आर्जित उक्त संज्ञानात्मक र भाषिक दुवै पृष्ठभूमिले मद्दत गरेको हुन्छ । त्यसैले पठनबोधलाई भिन्नभिन्न कुराको एकीकृत तथा संश्लिष्ट क्षमता मानिन्छ । यस्ता क्षमता विकासका लागि कक्षाकोठा मात्र पर्याप्त हुँदैन । त्यसका लागि विद्यालयीय वातावरणको महŒव रहन्छ । विद्यालयमा पुस्तकालय, वाचनालय, विभिन्न अन्य अतिरिक्त क्रियाकलापहरू गराएमा विद्यार्थीहरूमा पठनबोध क्षमतामा विकास हुने कुरामा शङ्का हुँदैन तसर्थ विद्यालय र विद्यालयेतर वातावरणमा सुधार ल्याई आवश्यक सामग्रीमा सुलभता ल्याउन सके विद्यार्थीहरूमा पठनबोध क्षमतामा विकास हुन सक्छ ।

## २.३. पठनबोधको महŒव

ज्ञानको विकास गर्ने प्रभावशाली उपाय पढाइ नै हो । ज्ञान विज्ञानका विविध क्षेत्र र विषयसँग आजको मान्छे सम्बन्धित र सम्पर्कित छ । गाँस, बास, र कपासको समस्याले पिरोलेका मान्छेहरूले आ-आफ्नै सरोकारका विषयमा अध्ययन अनुसन्धान गरेर केही न केही

कुराहरू लिखित उपायद्वारा जनसमक्ष ल्याइरहेका छन् । त्यस्ता जानकारीसँग प्रत्येक मान्छेले परिचित हुने र आफूलाई समसामयिक र सचेत तुल्याउने सहज उपाय पढाइ नै हो । सुनेर पनि कतिपय कुराको जानकारी हुन सक्छ तर सुनेर प्राप्त हुने सामग्रीगत सूचनामा त्यति सहजता, श्रोतानुकूलता र सुविधायुक्त अवस्था हुँदैन । लिपिबद्ध भएका विचार पाठकले आफ्नो रुचि, इच्छा र चाहानाअनुसार ग्रहण गर्न सक्छन् (ढकाल, २०६२ : २०८) । ज्ञान विज्ञानको क्षेत्रमा विकसित नयाँ-नयाँ विचार एवम् दृष्टिकोण हाम्रो सामु आइरहेका छन् र ती विचार वा कुराहरू पढ्ने र बुझ्ने क्षमताको समुचित विकास भएन भने साहित्य, राजनीति, कला, नयाँ-नयाँ आविष्कार एवम् अनुसन्धानबाट प्राप्त ज्ञानबाट बञ्चित हुनुपर्ने भएकोले पठनबोधको महŒव बढी भएको हो ।

पठनबोध ज्ञान आर्जनको भरपर्दो माध्यम भएकोले फुर्सदको समयको अधिकतम सदुपयोग गर्न मौनपाठ गतिलो उपाय हुनसक्छ । फुर्सद भएको मान्छेले साहित्यिक विधाहरू र पत्रपत्रिकाहरूको पठनबाट समयको सुदपयोग गर्न सक्छ भने अनैतिक र पथभ्रष्ट हुनबाट आफूलाई जोगाउन सक्छ । वाङ्मयका सम्पूर्ण कुराहरूको पठनबाट पाठकमा आनन्दको अनुभूति र मनोरञ्जन प्राप्त हुन्छ । भावी जीवनलाई पठन पाठनमा सरिक गराई चरित्र निर्माण गर्न गराउन पनि मौन पठन उपयोगी हुने देखिन्छ (ढकाल, २०६२ : २०९) । जसलाई तलको रेखाचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ ।

(स्रोत : ज्ञवाली, २०६३ : २०)

माथिको रेखाचित्रले हेर्दा ज्ञानको मूल स्रोत बोध नै हो भन्ने कुरा स्पष्ट पारेको छ । निरन्तर पढ्ने मान्छेले साहित्यिक र साहित्येतर विषयबाट ज्ञान आर्जन मात्र गर्दैन उसमा साहित्यिक र साहित्येतर विषयमा कलम चलाउने क्षमताको पनि विकास हुन्छ । यसका साथै पठनबोध ज्ञान आर्जनको उपाय मात्र नभई मनोरञ्जनको महŒवपूर्ण पक्ष पनि हो । विभिन्न साहित्यिक विधा (कथा, कविता, उपन्यास, विबन्ध) पढेर साहित्यिक रस लिने

प्रवृत्तिको विकासले मानसिक सन्तुष्टि लिनुका साथै उक्त विधा वा कृतिमा अभिव्यक्त भाव एवम् विचारको अर्थ वा मर्मबोधबाट हुने फाइदासमेत पाठकले लिन सक्छ ।

## २.४. पठनबोधका चरणहरू

पढेर लिखित अभिव्यक्तिलाई बुझ्ने काम नै पठनबोध हो । पठनबोधमा सस्वर वा मौनपठनको माध्यमले अर्थ ग्रहण गरिन्छ । पठनबोधमा पनि के पछि के हुन्छ भन्नु नै चरण हो । पढाइमा प्रारम्भिक र उत्तरवर्ती चरण हुन्छन् । त्यसमा पढाइको प्रारम्भिक चरणमा विद्यार्थीले बढी परिपक्वता ग्रहण गरिसकेका हुँदैनन् तसर्थ प्रारम्भिक चरणमा भन्दा उत्तरवर्ती चरणमा अभ्यास एवम् अनुभवका कारण विद्यार्थी वा पाठकका क्षमतामा बढी परिपक्वता देखा पर्दछ । पाठकहरू बोध गर्ने क्रममा प्रारम्भिक चरणमा सस्वर पाठ गरेर अर्थ ग्रहण गर्नतिर उन्मुख हुन्छन् भने त्यसपछि अभ्यासका कारण परिपक्व हुँदै गएपछि मौनपठनद्वारा अर्थ ग्रहण गर्नतिर उन्मुख हुन्छन् ।

पढाइको प्रारम्भिक चरण वा पहिलो एकाइको रूपमा अक्षर, शब्द र पदावलीलाई लिइन्छ । यस क्रममा सुरुको पढाइको गति र यति दुवै न्यून हुने र क्रमशः वाक्य स्तरमा पुग्दा बृद्धि हुने गर्दछ । पढाइको सुरुको अवस्थामा रहेको पाठकभन्दा प्रौढ अवस्थामा रहेको पाठकमा बोध क्षमता अधिक मात्रामा पाइन्छ । पठनका लागि अक्षर, शब्द, पदावली र वाक्यको क्रम रहेको कुरा स्पष्ट छ । कसरी भने प्रारम्भिक चरणमा रहेको पाठकले सर्वप्रथम अक्षरलाई आफ्नो एकाइ बनाउँछ त्यस पश्चात क्रमशः शब्द, पदावली र वाक्यलाई बनाउँछ । पाठकले सुरुमा पढाइको एकाइ अक्षरलाई बनाएपछि अधिक अभ्यासपछि अभ्यस्त हुँदै शब्द पदावली र वाक्यसम्म पुगेपछि बोध हुन्छ ।

बोध मानसिक प्रक्रिया भएकोले यो एक जटिल कार्य हो । यस क्रममा आँखा, भाषिक प्रतीक, मस्तिष्क र अर्थानुसन्धानजस्ता पक्षहरु संलग्न रहन्छन् । बोधको लागि शारीरिक वा मानसिक परिपक्वता आवश्यक रहन्छ । पाठकमा उमेरअनुसार शारीरिक र मानसिक परिपक्वता हुने भएकोले पाठक जबसम्म यी दुवै सर्तमा सक्षम हुँदैनन् तबसम्म भाषिक प्रतीकहरूसँग परिचित हुँदैनन् र बोध पनि हुँदैन तर उमेरअनुसार परिपक्वता हुने भएकोले क्रमशः बोध क्षमतामा परिवर्तन आउँछ । पठनबोधका चरणलाई (अधिकारी, २०६४, ६४) ले निम्नानुसार उल्लेख गरेको छन् ।

### क. पहिचान

पाठनबोधको प्रथम चरणको रूपमा पहिचानलाई लिइन्छ । यो पढाइ सीपअन्तर्गत बामे सर्दाको अवस्था हो । यस चरणमा विद्यार्थी वा पाठकले वाक्यमा भएका अक्षरलाई छुट्याएर हेर्ने कोसिस गर्छन । उनीहरू अक्षरपछि शब्दहरू अकमकिँदै दोहोऱ्याई, तेहेऱ्याई पढ्छन् । यसरी पढ्ने क्रममा कतिपय वर्णविन्यासमा अपरिचित हुने भएकोले पटक-पटक पढ्ने गर्दछन् र अर्थ ग्रहण गर्ने क्रममा वाक्यको पूरा अर्थभन्दा पनि शब्द-शब्दको अर्थ ग्रहण गर्दछन् । यो चरण प्रारम्भिक चरणअन्तर्गत आउँछ ।

**ख. सङ्गठन**

यो चरण पहिचानपछिको चरण हो । यस अवस्थामा विद्यार्थीहरू पहिचानको अवस्थामा सक्षम भई वाक्यमा प्रयुक्त अक्षर, शब्द, पदावली र वाक्यलाई एक आपसमा सम्बन्धित गराई पढ्न थाल्छन् । यस अवस्थामा विद्यार्थीहरू पढ्दा वाक्यमा गति, यति र लयलाई पनि ध्यानमा राखी पदविचलन भएका वाक्यलाई पनि सच्याएर पढ्न थाल्दछन् । पठनबोधका दृष्टिले यस चरणका शिक्षार्थीलाई मध्यम वर्गअन्तर्गत राखिन्छ ।

**ग. अर्थ्याइ वा अर्थानुसन्धान**

यो चरण पठनबोध क्षमता विकासको उच्चतम चरण हो । यस अवस्थामा पाठक धेरै नै परिपक्व भइसकेको हुन्छ । धेरै अभ्यास र अनुभवद्वारा प्रौढ पाठकहरू नै यस चरणमा प्रवेश गर्न सक्दछन् । यस चरणमा पाठकमा वाक्यको प्रकृतिअनुसार पहिचान गर्ने क्षमताको विकास भइसकेको हुनाले बौद्धिक एवम् जटिल किसिमका वाक्यलाई बौद्धिक किसिमले भाषिक सामग्रीको मूल मर्म ग्रहण गर्न सक्छन् । यस चरणमा प्रवेश गरेका पाठकहरूलाई पठनबोधको दृष्टिले उच्च वर्गमा राख्न सकिन्छ ।

## २.५. पठनबोधमा प्रभाव पार्ने तŒवहरू

पठनबोध एक आदानात्मक जटिल कार्य हो । कुनै पनि विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा विभिन्न किसिमका क्षमता र अनुभवहरू हुने गर्दछन् । उनीहरूमा समान किसिमका क्षमता रहेको पाइँदैन । यसरी बोध क्षमतामा समानता पाउन नसकिने विभिन्न कारणहरू रहेका छन्; ती कारणहरूलाई 'कृष्णप्रसाद ज्ञवाली' ले आ□नो शोध "कक्षा

दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन” मा प्रभावकको चर्चा निम्नानुसार गरेका छन् ।

### २.५.१. सामग्री छनौट

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने तŒवको रूपमा पाठ्य सामग्री छनौटलाई लिन सकिन्छ । यस किसिमको क्षमता जाँच्नका लागि दृष्टांश र अदृष्टांश सामग्रीहरू छनौट गरिन्छन् । दृष्टांशअन्तर्गत दैनिक पत्रिका वा अन्य पुस्तकमा प्रकाशित लेख, कथा, विज्ञापन, चिठीपत्र, समाचारपत्र वा सम्पादकीयबाट छानिन्छ । यसरी सामग्री छनौट गर्ने क्रममा विद्यार्थीको स्तर, रुचि, क्षमता, आवश्यकतालाई ध्यान दिनुपर्छ । यदि ती सर्तभन्दा बाहिर गएमा विद्यार्थीमा सही क्षमता जाँच्न सकिँदैन र पठनबोध क्षमतामा पनि विकास हुँदैन । सामग्री छनौट गर्दा पद्यभन्दा गद्य, भावुकभन्दा बौद्धिक एवम् संरचनात्मक तथा काल्पनिकभन्दा तथ्यपरक सामग्रीहरू पठनबोध क्षमताको अध्ययनका लागि छान्नुपर्छ । यस अध्ययनका लागि छानिएका सामग्रीमा विषयवस्तु, शब्दभण्डार र भाषिक संरचना उपयुक्त किसिमको हुनुपर्छ । यदि उक्त कुरामा ध्यान नपुऱ्याई छनौट गरेमा अध्ययनको औचित्य नरहने हुनाले सामग्रीलाई पनि पठनबोधमा प्रभाव पार्ने महŒवपूर्ण तŒव मान्न सकिन्छ ।

### २.५.२. विद्यार्थीको शारीरिक एवम् संवेगात्मक अवस्था

पठनबोध एक मानसिक कार्य भएकोले यसमा व्यक्तिको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थाले पूर्ण प्रभाव पार्दछ । शारीरिक वा मानसिक रूपमा सन्तुलित रहेको व्यक्तिले राम्ररी अर्थबोध गर्न सक्छ तर यदि विद्यार्थी शारीरक रूपले अन्धा, लाटा, बहिरो र मानसिक रूपले अशक्त छ भने उसले जति साङ्गले अर्थ ग्रहण गर्छ त्यति गर्न सक्दैन । यदि पाठकमा अपाङ्गता छ भने उसले आफ्नो जीवनमा प्रगतिको बाटो नदेखी उसले पठनमा मन नलगाउन सक्छ । त्यसै गरी संवेगात्मक विचलन जस्तै : त्रास, चिन्ता, क्रोध, आवेग आदि तŒवहरूले उसको मानसपटलमा जरो गाडेको छ भने उसले कुनै पनि कुरालाई गहन रूपमा सम्झन सक्दैन तसर्थ जुन व्यक्ति शारीरिक, मानसिक र संवेगात्मक रूपमा स्वस्थ छ उसले पढेको कुराको सारतŒव ग्रहण गर्न सक्दछ । अतः सामग्री छनौटमा प्रभाव पार्ने तŒवमा शारीरिक, मानसिक एवम् संवेगात्मक एक तŒव मान्न सिकन्छ ।

### २.५.३. वातावरण

पठनबोधमा वातावरणले महŒवपूर्ण स्थान ओगटेको हुन्छ । यो अरू तŒवभन्दा गहन र उच्च स्तरको तŒव हो । कसरी भने व्यक्ति जतिसुकै स्वस्थ होस्, सामग्री सही होस् तर वातावरण भने कोलाहलयुक्त छ, दुर्गन्धित, तनावपूर्ण एवम् सङकुचित छ भने त्यस्तो ठाउँमा पठनबोध नभई राष्ट्रको लगानी नै हावामा उड्न सक्छ । वातावरणले पनि विद्यार्थीको ध्यान केन्द्रित गर्ने विद्यार्थीलाई प्रेरित गर्ने भएकोले वातावरण ठीक तथा अनुकूल छ भने त्यस्तो वातावरणमा जटिल प्रकृतिको सामग्रीमा पनि ध्यान केन्द्रित हुने भएकोले पठनबोध राम्रो हुन्छ । त्यसै कारणले अपेक्षित उपलब्धी हासिल गर्न विद्यालयको सम्पूर्ण वातावरण शान्त, सुरम्य एवम् तनावरहीत हुन आवश्यक छ ।

### २.५.४. अभ्यास

अभ्यास पठनबोधमा प्रभाव पार्ने अर्को महŒवपूर्ण तŒव हो । जति धेरै अभ्यास गऱ्यो त्यति धेरै बोध क्षमता विकास हुँदै जान्छ तर जति खुकुलो अभ्यास गऱ्यो वा पटकपटक अभ्यास गरेन भने आफूसँग भएको सीप पनि हराएर जान्छ । हामीमा असीमित क्षमताहरू रहेका हुन्छन् र जति गहकिलो वा पटकपटक अभ्यास गर्छौं त्यति ती क्षमताहरू बाहिर आउँछन् । बोध एक मानसिक कार्य हो । विद्यार्थीलाई जति धेरै मात्रामा भाषिक, साहित्यिक वा अन्य सन्दर्भ सामग्रीहरू निरन्तर अभ्यास गराउन सकिन्छ त्यति बढी उनीहरू पढाइप्रति अभिरुचि दिँदै जान्छन् र पढेका कुराको सार ग्रहण गर्न सक्छन् । त्यसै कारण पठनबोधमा प्रभाव पार्ने एक महŒवपूर्ण तŒव भनेको अभ्यास हो ।

# अध्याय तीन

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययन लखनपुर गा.वि.स. का विभिन्न संस्थागत तथा सामुदायिक विद्यालयको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस क्षेत्रमा रहेका संस्थागत र सामुदायिक गरी जम्मा चारओटा विद्यालयबाट जम्मा ९५ जना विद्यार्थीहरू लिई आवश्यक तथ्या‌ सङ्कलन गरी त्यस तथ्याङ्कका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कलाई वैज्ञानिक ढङ्गले वस्तुगत रूप प्रदान गर्न प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरूबीच तुलनात्मक व्याख्या र विश्लेषण गर्न परीक्षण लगायतका साङ्खिकीय विधि प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

#### ३.१.१. प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

तालिका १

| कुल सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा कम | | ६० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९५ | १७ | १७.८९ | १८ | १८.९४ | २४ | २५.२६ | १६ | १६.८४ | २० | २१.०५ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको पठनबोध क्षमतालाई गणना गर्दा प्रतिनिधि सङ्ख्याका आधारमा जम्मा पाँच श्रेणी निर्धारण गरिएको छ । जसअनुसार ४० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १७.८९ प्रतिशत रहेको पाइन्छ । ४० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १८.९४ प्रतिशत रहेको छ । त्यसै गरी ५० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा कम पठनबोध क्षमता रहेको विद्यार्थी सङ्ख्या २५.२६ रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएको विद्यार्थी सङ्ख्या १६.८४ प्रतिशत रहेको छ

र ७० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएको विद्यार्थी सङ्ख्या २१.०५ प्रतिशत रहेको छ ।

उक्त तालिकाअनुसार न्यूनतम श्रेणी मानिएको ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत अङ्क १७.८९ र उच्चतम मानिएको श्रेणी ७० प्रतिशतभन्दा माथिको विद्यार्थी सङ्ख्या २१.०५ प्रतिशत रहेको छ र ६० भन्दा माथि र ७० भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १६.८४ प्रतिशत रहेको छ ।

उक्त तालिकाअनुसार तल्लो वा न्यूनतम श्रेणी ४० प्रतिशतभन्दा कम विद्यार्थी सङ्ख्या १७.८९ रहे तापनि अन्य प्रतिशतका आधारमा ५० प्रतिशतभन्दा तल बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी देखिएकोले समग्रमा विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको छ ।

### ३.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

तालिका २

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९५ | ५३.७३ | १६.०८ | ४७ | ४९.४७ | ४८ | ५०.५३ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

माथिको तालिकाअनुसार कुल विद्यार्थीसङ्ख्या ९५ विद्यार्थीहरूको समग्र मध्यमान ५३.७३ रहेको छ भने मानक विचलन १६.०८ रहेको छ । समग्र मध्यमानलाई वर्गीकरण गर्दा ४९.४७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५०.५३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यस तालिकामा मध्यमानभन्दा तल मध्यमानभन्दा माथि विद्यार्थी सङ्ख्यामा धेरै अन्तर रहेको छैन त्यसैले मध्यमानका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको पाइन्छ ।

तथ्यांक वितरणमा एकरुपता छ वा छैन भन्ने कुरा मानक विचलनबाट थाहा हुने भएकोले यहाँ मानक विचलन १६.०८ रहेको छ । स्तरीय भिन्नता जति सानो हुन्छ त्यति नै तथ्यांकमा एकरुपताको मात्रा अधिक हुन्छ (खनाल, २०६१ : १८६) । यसका आधारमा हेर्ने हो

भने मानक विचलन ठूलो रहेकोले समग्र विद्यार्थीहरूको पठनबोध क्षमतामा एकरुपता देखिँदैन ।

## ३.२ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

### ३.२.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ३

| कुल सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा कम | | ६० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९५ | ८ | ८.४२ | १८ | १८.९५ | १२ | १२.६३ | २६ | २७.३७ | ३१ | ३२.६३ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

उपर्युक्त तालिकामा प्रतिनिधि नमुना छनोटमा समावेश गरिएका ९५ जना विद्यार्थीहरूको पठनबोध क्षमतालाई पाँच श्रेणी मानिएको छ । न्यूनतम श्रेणी ४० प्रतिशतभन्दा कम पठनबोध क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ८.४२ प्रतिशत रहेको छ । ४० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता रहेको विद्यार्थी सङ्ख्या १८.९५ प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १२.६३ प्रतिशत रहेको छ । त्यसै गरी ६० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा कम पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या २७.३७ प्रतिशत रहेको छ । ७० प्रतिशतभन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ३२.६३ प्रतिशत रहेको छ ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशतभन्दा कम पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ८.४२ प्रतिशत र उच्चतम श्रेणी मानिएको ७० प्रतिशतभन्दा माथि बढी अङ्क रहनुले दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको छ ।

### ३.२.२ मध्यमान र मानक विचलनका आधारमा दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ४

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९५ | ३१.५१ | ८.०४ | ५२ | ५४.७४ | ४३ | ४५.२६ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

माथिको तालिकामा दृष्टांश पठनबोध क्षमताको कुल विद्यार्थी सङ्ख्या ९५ विद्यार्थीहरूको ३१.५१ र मानक विचलन ८.०४ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा बढी क्षमता भएका विद्यार्थी सङ्ख्या ५४.७४ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको पठनबोध क्षमता ४५.२६ प्रतिशत रहेको छ । विद्यार्थी पठनबोध क्षमता मध्यमानको आधारमा कम भएकोभन्दा मध्यमानको आधारमा क्षमता बढी भएका विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकोले विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ । मानक विचलनका आधारमा हेर्दा समग्र दृष्टांश मानक विचलन ८.०४ सहनुले विद्यार्थीहरूको प्राप्ताांको वितरणमा एकरुपता देखिँदैन ।

## ३.३. समग्र विद्यार्थीहरूको अदृटांश पठनबोध क्षमताको स्थिति

### ३.३.१. प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ५

| कुल सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा कम | | ६० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९५ | ३४ | ३५.७९ | २० | २१.०५ | १५ | १५.७९ | १८ | १८.९५ | ८ | ८.४२ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

उपर्युक्त तालकिामा पाँच श्रेणी निर्धारण गरी विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको निर्धारण गर्दा कुल सङ्ख्या ९५ जना विद्यार्थीहरूमध्ये न्यूनतम श्रेणीका रूपमा निर्धारण गरिएको ४० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ३५.७९

प्रतिशत रहेको छ । ४० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता रहेको विद्यार्थी सङख्या २१.०५ प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १५.७९ प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १८.९५ प्रतिशत रहेको छ भने ७० प्रतिशतभन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ८.४२ प्रतिशत रहेको देखिन्छ ।

एका विद्यार्थीहरूको पठनबो माथिको तालिकाका आधारमा न्यूनतम श्रेणी मानिएको ४० प्रतिशतभन्दा कम अा प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३५.७९ प्रतिशत र उच्चतम श्रेणीका रूपमा मापन गरिध क्षमता न्यून रहेको पाइन्छ ।

### ३.३.२. मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तलिका ६

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९५ | २३.३१ | १०.३२ | ४९ | ५१.५८ | ४६ | ४८.४२ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

मथिको तालिकाअनुसार अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान २३.३१ रहेको र मानक विचलन १०.३२ रहेको छ । समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान २३.३१ लाई आधार मान्दा मध्यमानभन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ५१.५८ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम पठनबोध क्षमता रहेको विद्यार्थी सङ्ख्या ४८.४२ प्रतिशत रहेको छ । यहाँ मध्यमानको आधारमा तल र माथि पठनबोध क्षमता रहेका विद्यार्थीहरूमा त्यति धेरै अन्तर पाइँदैन त्यसैले कक्षा ९ मा अध्ययनरत समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनकै रहेको छ । विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई मानक विचलनका आधारमा हेर्ने हो भने मानक विचलन १०.३२ रहेको छ यो सामान्यतया धेरै विचलन हो । तसर्थ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा

एकरुपता पाइँदैन । यसरी एकरुपता नपाइनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नरहेको स्पष्ट हुन्छ ।

### ३.३.३ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

तालिका ७

| सम्पूर्ण सङ्ख्या ९५ | दृष्टांश पाठ | अदृष्टांश पाठ |
|---|---|---|
| मध्यमान | ३१.५१ | २३.३१ |
| मानक विचलन | ८.०४ | १०.३२ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

माथिको तालिकाअनुसार सम्पूर्ण विद्यार्थी सङ्ख्या ९५ रहेको छ । समग्र दृष्टांश पठनबोध क्षमतातर्फको मध्यमान ३१.५१ रहेको छ भने अदृष्टांश पठनबोध क्षमतातर्फ २३.३१ रहेको छ । उक्त दुबै मध्यमानतर्फ हेर्दा अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमानभन्दा दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान बढी रहेको छ । अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ । उक्त तालिकामा प्रस्तुत गरिएको दृष्टांश र अदृष्टांश मानक विचलन १०.३२ रहेको छ । उक्त दृष्टांश र अदृष्टांश मानक विचलनलाई तुलनात्मक रूपले हेर्दा दृष्टांश पठनबोधभन्दा अदृष्टांश पठनबोध धेरै रहेको छ तसर्थ अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ भने अदृष्टांश पठनबोध क्षमतामा २.२८ बढी रहनुले यो सन्तोषजनक मान्न सकिँदैन । अदृष्टांश पठनबोध क्षमताको विचलनमा कमी ल्याउन सबै विद्यार्थीहरूलाई समान सहभागिता गराई धेरैभन्दा धेरै अदृष्टांश उद्धरणहरूको अभ्यास गराउनुपर्ने आवश्यकता देखिन्छ ।

## ३.४ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति

तालिका ८

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानीयता | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | गाउँ | ६१ | १९ | ३१.१५ | ४२ | ६८.८५ |
| | | | सहर | ३४ | २८ | ८२.३५ | ६ | १७.६५ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ४३ | २३ | ५३.४९ | २० | ४६.५१ |
| | | | छात्रा | ५२ | २५ | ४८.०७ | २७ | ५१.३२ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ८५ | ४३ | ५०.५९ | ४२ | ४९.४१ |
| | | | नेपाली दोस्रो भाषी | १० | ४ | ४० | ६ | ६० |
| | | | विद्यालयको प्रकृति | | | | | |
| | | | संस्थागत | २० | १० | ५० | १० | ५० |
| ९५ | ५३.७३ | १६.०८ | सामुदायिक | ७५ | ३५ | ५३.८५ | ३० | ४६.१५ |
| | | | जातीयता | | | | | |
| | | | बाहुन/क्षेत्री | ४० | २० | ५० | २० | ५० |
| | | | नेवार | १२ | ७ | ५० | ७ | ५० |
| | | | राई | १० | ६ | ६० | ४ | ४० |
| | | | लिम्बू | १० | ७ | ७० | ३ | ३० |
| | | | अन्य (गुरुङ, मेचे .. | २३ | ७ | ३९.१३ | १४ | ६०.८७ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

माथिको तालिकाअनुसार कुल विद्यार्थी सङ्ख्या ९५ जना रहेको छ । मध्यमान ५३.७३ र मानक विचलन १६.०८ लाई आधार मानी विद्यार्थीहरूको समूहगत पठनबोध क्षमताको स्थिति निम्नानुसार रहेको छ ।

प्रस्तुत तालिकामा स्थानीयताका आधारमा विद्यार्थीहरूलाई गाउँ र सहर गरी दुई भागमा बाँढिएका छन् । यसमा गाउँतर्फका ६१ जना र सहरतर्फका ३४ जना यस

अध्ययनमा समावेश गरिएका छन् । माथिको तथ्याङ्कअनुसार मध्यमान ५३.७३ लाई आधार मानी हेर्दा गाउँतर्फका ६८.८७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेको देखियो । उक्त मध्यमानलाई आधार मानी हेर्दा गाउँका विद्यार्थीहरूमा मध्यमानभन्दा तल बढी प्रतिशत विद्यार्थी रहेकाले गाउँका विद्याथीहरूमा पठनबोध क्षमता कमजोर वा चिन्ताजनक रहेको छ । सहरी इलाकामा बसोबास गर्ने विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा तल १७.६५ र मध्यमानभन्दा माथि ८२.३५ रहेकाले सहरी क्षेत्रका विद्यार्थीहरूमा पठनबोध क्षमता उत्कृष्ट रहेको पाइयो । समग्र विद्यार्थीहरूको लिङ्गगत आधारमा पठनबोध क्षमतालाई केलाउँदा छात्रको मध्यमान समग्र मध्यमानभन्दा कम ४६.५१ प्रतिशत सङ्ख्या रहेको छ भने मध्यमानभन्दा माथि पठनबोध क्षमता ५३.४९ प्रतिशत रहेको छ । यहाँ छात्रमा रहेको क्षमतालाई हेर्दा सन्तोषजनकै रहेको पाइन्छ । त्यसै गरी छात्रामा भएको पठनबोध क्षमतालाई केलाउने हो भने छात्राको मध्यमान समग्र मध्यमानभन्दा कम क्षमता रहेको सङ्ख्या ५१.३२ प्रतिशत रहेको छ भने समग्र मध्यमानभन्दा माथि ४८.०७ रहेको पाइन्छ । यस तालिकामा हेर्दा छात्रामा पनि त्यत्रो अन्तर पाइँदैन तसर्थ लिङ्गगत आधारमा छात्र र छात्रामा पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषा भएका विद्यार्थीहरूको क्षमता समग्र मध्यमानभन्दा तल ४९.४१ रहेको छ भने समग्र मध्यमानभन्दा माथि ५०.५९ रहेको छ । त्यसै गरी नेपाली दोस्रो भाषाका रूपमा रहेका विद्यार्थीको पठनबोध क्षमता मध्यमानभन्दा तल ६० प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथि ४० प्रतिशत रहेको छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीमा पठनबोध क्षमता सन्तोषजनक रहेको पाइयो भने विमातृभाषी विद्यार्थीमा भने धेरै अन्तर देखिएको छ । यहाँ मध्यमानभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थी प्रतिशत धेरै रहेको पाइएको छ । यो प्रतिशत सन्तोषजनक प्रतिशत होइन । यहाँ नेपाली मातृभाषीभन्दा नेपाली दोस्रो भाषीको पठनबोध क्षमता कमजोर रहेको पाइयो ।

माथिको तालिकामा विद्यालयको प्रकृतिका आधारमा हेर्दा संस्थागत र सामुदायिक गरी दुई थरी विद्यालयलाई लिइएको छ । संस्थागत र सामुदायिक गरी जम्मा चारओटा विद्यालयमा संस्थागतबाट २० जना र सामुदायिक विद्यालयबाट ७५ जना विद्यार्थी लिइएकोमा संस्थागत विद्यालयका २० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि र तल ५०/५० प्रतिशत रहेको पाइयो तर सामुदायिक विद्यालयमा भने मध्यमानभन्दा तल

पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ४६.१५ प्रतिशत पाइयो र मध्यमानभन्दा माथि पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या ५३.८५ प्रतिशत रहेको पाइयो त्यसैले दुवै थरीका विद्यालयका विद्यार्थीहरूलाई तुलनात्मक रूपमा हेर्दा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीमा पठनबोध क्षमता उच्च रहेको पाइयो ।

प्रस्तुत अध्ययनलाई जातिगत दृष्टिले विश्लेषण गर्दा जम्मा प्रतिनिधि विद्यार्थीहरू ९५ जना विद्यार्थीहरूमध्येबाट बाहुन्/क्षेत्री ४० जना, नेवार १२ जना, राई १० जना, लिम्बू १० जना र अन्य (राजवंशी ७ जना, ताजपुरिया ५ जना, गुरुङ १ जना, मेचे ८ जना र थारू २ जना) जम्मा २३ जना गरी विभिन्न जातका विद्यार्थीहरू छन् । मध्यमानलाई आधार मान्दा बाहुन/क्षेत्रीमा रहेको पठनबोध क्षमता मध्यमानभन्दा माथि र तल ५/५० प्रतिशत रहेको पाइयो । नेवार जातिका विद्याथीमा हेर्दा मध्यमानभन्दा तर र माथि पठनबोध क्षमता ५०/५० प्रतिशत रहेको पाइयो त्यसै गरी राई जातिका विद्यार्थीहरूमा मध्यमानभन्दा कम र बढी पठनबोध क्षमता रहेका विद्यार्थी सङ्ख्या हेर्दा क्रमशः ६० र ४० प्रतिशत रहेको पाइयो । लिम्बू जातिका विद्यार्थीको क्षमता हेर्दा मध्यमानभन्दा कम पठनबोध क्षमता भएको विद्यार्थी सङ्ख्या ३० प्रतिशत रहेको छ र मध्यमानभन्दा बढी पठनबोध क्षमता भएको विद्यार्थी सङ्ख्या ७० प्रतिशत रहेको छ । अन्य जातिमा भने मध्यमानभन्दा कम ठनबोध क्षमता रहेको विद्यार्थी सङ्ख्या ६०.८७ प्रतिशत रहेको छ भने मध्यमानभन्दा बढी पठनबोध क्षमता भएको विद्यार्थी सङ्खया ३९.१३ प्रतिशत रहेको छ । समग्रमा जातिगत रूपमा मध्यमानको आधारमा हेर्दा बाहुन/क्षेत्री र नेवार जातिमा भने पठनबोध क्षमता सामान्य रहेको छ तर राई र लिम्बू विद्यार्थीमा पठनबोध क्षमता उच्च रहेको पाइन्छ । अन्य जातिमा भने मध्यमानको आधारमा हेर्दा पठनबोध क्षमता केही निराजनक रहेको पाइन्छ ।

उपर्युक्त विषयवस्तुमा गहिरिएर विश्लेषण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यार्थीहरूमा पठनबोध क्षमता बढी वा घटी हुनुको पछाडि विद्यार्थीहरूको रुचि, क्षमता, बौद्धिक क्षमता, घरायसी र विद्यालयीय वातावरण पढाइका अवसरहरू जस्ता कुराहरू बढी जिम्मेवार रहन सक्दछन् । समग्र मानक विचलन १६.०८ लाई आधार मान्दा विद्यार्थीहरूको पठनबोध क्षमतामा त्यति एकरूपता पाइँदैन ।

### ३.५. मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका ९

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानीयता | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | गाउँ | ६१ | २१ | ३४.४२ | ४० | ६५.५७ |
| | | | सहर | ३४ | ३० | ८८.२४ | ४ | ११.७६ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ४३ | २३ | ५३.४८ | २० | ४६.५१ |
| | | | छात्रा | ५२ | २९ | ५५.७८ | २३ | ४४.२३ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ८५ | ४८ | ५६.४७ | ३७ | ४३.५२ |
| | | | नेपाली दोस्रो भाषी | १० | ४ | ४० | ६ | ६० |
| | | | विद्यालयको प्रकृति | | | | | |
| ९५ | ३१.५१ | ८.०४ | संस्थागत | २० | ९ | ४५ | ११ | ५५ |
| | | | सामुदायिक | ७५ | ४० | ५३.३४ | ३५ | ४६.६७ |
| | | | जातीयता | | | | | |
| | | | बाहुन/क्षेत्री | ४० | २० | ५० | २० | ५० |
| | | | नेवार | १२ | ६ | ५० | ६ | ५० |
| | | | राई | १० | ७ | ७० | ३ | ३० |
| | | | लिम्बू | १० | ७ | ७० | ३ | ३० |
| | | | अन्य (गुरुङ, मेचे .. | २३ | ११ | ४७.८३ | १२ | ५२.१७ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

उपर्युक्त तालिकाको आधारमा अध्ययनमा समाविष्ट कुल विद्यार्थी सङ्ख्या ९५ रहेको छ । यस अध्ययनमा दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ३१.५१ रहेको छ र मानक विचलन ८.०४ रहेको तालिकामा देखाइएको छ । उक्त मानक विचलन र मध्यमानकका

आधारमा विभिन्न समूहका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई केलाउँदा निम्नानुसार अवस्था देखिन्छ ।

उक्त तालिकामा स्थानीयताका आधारमा हेर्दा गाउँतर्फका जम्मा ६१ जना र सहरतर्फका जम्मा ३४ जना विद्यार्थी रहेका छन् । गाउँतर्फका विद्यार्थीको मध्यमान ३१.५१ लाई आधार मान्दा ३४.४२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६५.५७ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई हेर्दा अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र बहुसङ्ख्याक विद्यार्थी मध्यमानभन्दा तल रहेकाले गाउँतर्फका विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । त्यसै गरी नगर वा सहरतर्फका विद्यार्थीहरूमा हेर्दा ८८.२४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ११.७६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको पाइन्छ त्यसैले यहाँ दृष्टांश पठनबोध क्षमता सहरका विद्यार्थीहरूमा सन्तोषप्रद रहेको पाइन्छ ।

प्रस्तुत तथ्याङ्कलाई लैङ्गिकताका आधारमा विश्लेषण गर्दा यहाँ जम्मा विद्यार्थी सङ्ख्या ९५ रहेकामा छात्रहरू ४३ र छात्राहरू ५२ रहेका छन् । मध्यमान ३१.५१ लाई आधार मानी हेर्दा ५३.४८ प्रतिशत छात्रहरू मध्यमानभन्दा माथि र ४६.५१ प्रतिशत छात्रहरू मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई हेर्दा मध्यमानभन्दा तल र माथिको अन्तर ६.९७ रहेको छ । तसर्थ छात्रहरूमा दृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको छ । त्यसरी नै छात्राहरूलाई हेर्दा ५५.७८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४.२३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । यहाँ मध्यमानभन्दा तल र माथिको तुलनामा हेर्दा ११.५५ ले अन्तर देखिन्छ तसर्थ छात्राहरूमा दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

विद्यालयको प्रकृतिका आधारमा उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यालयहरूलाई संस्थागत (निजी) र सामुदायिक (सरकारी) विद्यालय गरी दुई किसिमका विद्यालयहरू समावेश गरिएका छन । यहाँ संस्थागत विद्यालयबाट २० जना र सामुदायिक विद्यालयबाट ७५ जना विद्यार्थीहरूलाई मध्यमान ३१.५१ का आधारमा हेर्दा संस्थागत विद्यालयको हकमा ४५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका देखिन्छन् । यहाँ मध्यमानभन्दा तल र माथि रहेका विद्यार्थीहरूमा १० ले अन्तर आएको छ र बहुसङ्ख्याक विद्यार्थी मध्यमानभन्दा तल रहेकाले संस्थागत विद्यालयका विद्यार्थीमा दृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । त्यसरी नै सरकारी विद्यालयका

विद्यार्थीहरूलाई मध्यमानका आधारमा हेर्दा ५३.३४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४६.६७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । समग्रमा सामुदायिक विद्यालयका छात्रछात्राहरूमा दृष्टांश पठनबोध क्षमता उच्च रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरू ८५ जना र नेपाली दोस्रोभाषी विद्यार्थी सङ्ख्या १० रहेका छन् । यसमा मध्यमान ३१.५१ लाई आधार मानी हेर्दा नेपाली मातृभाषीको हकमा ५६.४७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४३.५२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको पाइन्छ । यसै क्रममा मध्यमानभन्दा माथि र तलको अन्तर १२.९५ रहेकोले नेपाली मातृभाषी विद्यार्थीमा दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरूको हकमा ४० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६० प्रतिशत विद्यार्थी मध्यमानभन्दा कम रहेकाले यहाँ मध्यमानको तल र माथि हेर्दा २० प्रतिशतले अन्तर देखिएको छ । यहाँ बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा तल रहेकाले नेपाली दोस्रो भाषी विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता निकै कमजोर रहेको पाइन्छ ।

जातीयताका आधारमा माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ९५ मध्ये बाहुन/क्षेत्री विद्यार्थीहरू मध्यमानभन्दा तल र माथि ५० / ५० प्रतिशत रहेकाले बाहुन/क्षेत्री विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता सन्तोषप्रद मानिन्छ । नेवार जातिका विद्यार्थीलाई हेर्दा पनि मध्यमानभन्दा तल र माथि बराबर प्रतिशत रहेकाले नेवार जाति विद्यार्थीमा पनि दृष्टांश पठनबोध क्षमता सन्तोषजनका देखिएको छ । राई जातिका विद्यार्थीमा हेर्दा ७० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा राई विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको छ । त्यसै गरी अन्य विद्यार्थीहरूको हकमा ४७.८७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५२.१७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले यहाँ ४.३४ ले अन्तर देखिन्छ तसर्थ यहाँ अन्य जातिमा राखिएका विद्यार्थीहरूको पठनबोध क्षमता त्यति सन्तोषजनक मान्न सकिँदैन ।

समग्रमा दृष्टांश पठनबोध क्षमतालाई मानक विचलनका आधारमा हेर्दा मानक समग्र विचलन ८.०४ रहेकाले सम्पूर्ण विद्यार्थीहरूको दृष्टांश प्राप्ताङ्कमा भने एकरुपता नभएको पाइन्छ ।

## ३.६. मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका १०

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| ९५ | २३.३१ | १०.३२ | स्थानीयता | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | गाउँ | ६१ | २० | ३२.७८ | ४१ | ६७.२१ |
| | | | सहर | ३४ | २८ | ८२.३५ | ६ | १७.६४ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ४३ | २३ | ५३.४९ | २० | ४६.५१ |
| | | | छात्रा | ५२ | २८ | ५३.८५ | २४ | ४६.१५ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ८५ | ४४ | ५१.७६ | ४१ | ४८.२४ |
| | | | नेपाली दोस्रो भाषी | १० | ३ | ३० | ७ | ७० |
| | | | विद्यालयको प्रकृति | | | | | |
| | | | संस्थागत | २० | १० | ५० | १० | ५० |
| | | | सामुदायिक | ७५ | ३९ | ५२ | ३६ | ४८ |
| | | | जातीयता | | | | | |
| | | | बाहुन/क्षेत्री | ४० | ३२ | ५७.५ | १७ | ४२.५ |
| | | | नेवार | १२ | ७ | ५८.३४ | ५ | ४१.६७ |
| | | | राई | १० | ६ | ६० | ४ | ४० |
| | | | लिम्बू | १० | ६ | ६० | ४ | ४० |
| | | | अन्य (गुरुङ, मेचे .. | २३ | ७ | ३०.४३ | १६ | ६९.५७ |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

माथिको तालिकामा उल्लेख भएअनुसार प्रस्तुत अध्ययनमा समावेश गरिएका कुल विद्यार्थी सङ्ख्या ९५ रहेका छन् । उक्त तालिकामा अदृष्टांश पठनबोध क्षमताको मध्यमान २३.३१ र मानक विचलन १०.३२ का आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

स्थानीयताका दृष्टिकोणले हेर्दा प्रस्तुत अध्ययनमा गाउँतर्फका ६१ जना विद्यार्थी रहेको उक्त तालिकामा देखाइएको छ । समग्र अदृष्टांश मध्यमान २३.३१ आधार मानी हेर्दा ३२.६८ प्रतिशत गाउँतर्फका विद्यार्थी मध्यमानभन्दा माथि र ६७.२१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । यहाँ मध्यमानको तल र माथि अन्तर ३४.४३ रहेको छ र

यसमा अल्पसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले गाउँतर्फका विद्यार्थीहरूमा अदृष्टांश पगठनबोध क्षमता चिन्ताजनक रहेको छ । यसरी नै नगर तर्फका विद्यार्थीहरूमा ८२.३५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र १७.६४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकाले यहाँ ६४.७१ ले लन्तर देखिएको छ । यहाँ बुहसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले सहर वा नगरतर्फका विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको पाइन्छ ।

लिङ्कका आधारमा माथिको तालिकालाई विश्लेषण गर्दा छात्र विद्यार्थीहरू ४३ मध्येबाट ५३.४९ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् भने ४६.५१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । छात्रहरूमा बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले छात्रमा अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ । । मध्यमानको आधारमा छात्राहरूको तत्याङ्कलाई हेर्दा ५३.८७ प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि रहेको र ४६.१५ प्रतिशत छात्राहरू मध्यमानभन्दा तल रहनुले समग्रमा छात्राहरूमा पनि अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारम प्रस्तुत अध्ययनलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीतर्फ ८५ जना र नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ १० जना यस अध्ययनमा समावेश गरिएका छन् । अदृष्टांश समग्र मध्यमान २३.३१ लाई आधार मानी तथ्याङ्क विश्लेषण गर्दा नेपाली मातृभाषीतर्फ ५१.७६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यहाँ बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । ३० प्रतिशत नेपाली दोस्रो भाषी विद्यार्थीहरू मध्यमानभन्दा माथि र ७० प्रतिशत नेपाली दोस्रो भाषी विद्यार्थीहरू मध्यमानभन्दा कम रहेकाले यहाँ नेपाली दोस्रो भाषी विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

विद्यालयको प्रकृतिको आधारमा माथिको तालिकालाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क मध्यमानभन्दा तल र माथि बराबर यानिकि ५०/५० प्रतिशत रहेको छ । यो तथ्याङ्कलाई हेर्दा मध्यमानभन्दा तल र माथि समान प्रतिशत आएकोले संस्थागत विद्यालयका विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । सामुदायिक विद्यालयको तथ्याङ्क हेर्दा ५२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४८

प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

जातीयताका आधारमा माथिको तथ्याङ्कलाई हेर्दा बाहुन/क्षेत्री विद्यार्थीहरूमा ५७.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । नेवार विद्यार्थीहरूमा ५८.३४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४१.६७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् भने राई विद्यार्थीहरूमा ६० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । लिम्बू विद्यार्थीहरूमा ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४० प्रतिशत लिम्बू विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्याङ्कमा अन्य विद्यार्थीहरूको हकमा ३०.४३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६९.५७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । सम्पूर्ण विद्यार्थीहरूलाई मध्यमानको आधारमा हेर्दा बाहुन/क्षेत्री, नेवार, राई, लिम्बू विद्यार्थीहरूका धेरै सङ्ख्या मध्यमानभन्दा माथि रहेकाले उनीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ भने अन्य समूहमा रहेका विद्यार्थीहरूको बहुसङ्ख्या मध्यमानभन्दा कम रहेकाले उनीहरूमा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

समग्र रूपमा विद्यार्थीहरूलाई मानक विचलनका आधार मानक विचलन १०.३२ रहनुले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरुपता नरहेको पाइन्छ ।

# अध्याय चार

## तुलनात्मक विश्लेषण

### ४.१. विभिन्न समूहबीच पठनबोध क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा लखनपुर गा.वि.स. का विभिन्न चारओटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा अध्याय तीनमा प्रस्तुत गरिएका व्याख्या विश्लेषणलाई आधार मानेर विभिन्न चलहरूका बीच तुलनात्मक विश्लेषण गरिको छ । यस अध्ययनमा विभिन्न समूह, वर्गबाट लिइएका तथ्याङ्कका आधारमा सोही समूहबीच दृष्टांश तथा अदृष्टांश पठनबोध क्षमतामा के-कति अन्तर छ भन्नेतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

### ४.१.१. स्थानीयताका आधारम गाउँ र सहरबीच तुलना

तालिका ११

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| गाउँ | ६१ | ४२.७४ | ५३.७३ | १५.६८ | १६.०८ |
| सहर | ३४ | ६४.५ | | १०.८९ | |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

स्थानीयताका दृष्टिले पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्ने क्रममा उक्त तालिकामा गाउँतर्फका ६१ जना र सहरतर्फका ३४ जना रहेका छन् । उक्त दुबै क्षेत्रका विद्यार्थीहरूको समग्र मध्यमान ५३.७३ रहेको छ । मध्यमानको आधारमा गाउँतर्फका विद्यार्थीहरूको मध्यमान ४२.७४ रहेको छ भने सहर तर्फका विद्यार्थीहरूको मध्यमान ६४.५ रहेको छ । गाउँतर्फका विद्यार्थीहरूको मध्यमानलाई समग्र मध्यमानको तुलनामा १०.९९ ले कमी देखिन्छ तसर्थ गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको छ । त्यसरी नै समग्र मध्यमानको तुलनामा सहरतर्फका विद्यार्थीहरूको मध्यमान ६४.५ रहेको छ । तुलनात्मक रूपमा समग्र मध्यमानभन्दा १०.७७ ले बढी देखिनुले सहरतर्फका विद्यार्थीहरूमा पठनबोध क्षमता उच्च रहेको उक्त तथ्याङ्कले देखाएको छ ।

गाउँ र सहरका विद्यार्थीहरूमा तुलनात्मक रूपमा २१.७६ ले अन्तर देखिन्छ तसर्थ गाउँतर्फका विद्यार्थीहरूको मध्यमान समग्र विद्यार्थीहरूको मध्यमानभन्दा १०.९९ ले कमी देखिनु गाउँका विद्यार्थीको पठनबोध क्षमता सन्तोषजक मान्न सकिँदैन तर सहरतर्फका विद्यार्थीहरूमा समग्र मध्यमानभन्दा १०.७७ ले बढी देखनु सहरतर्फका विद्यार्थीहरूमा पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । मानक विचलनले तथ्याङ्क वितरणको एकरुपताको निर्धारण गर्ने भएकोले स्थानीयताका दृष्टिले तुलनात्मक विश्लेषण गर्ने क्रममा समग्र मानक विचलन १६.०८ रहेको छ । गाउँतर्फका विद्यार्थीहरूको मानक विचलन १५.६८ रहेको छ भने सहर तर्फका विद्यार्थीहरूको मानक विचलन १०.८९ रहेको छ समग्र मानक विचलनका आधारमा ०.४ ले बढी देखिएकाले गाउँतर्फका विद्यार्थीहरूमा प्राप्ताङ्कको वितरणमा एकरुपता देखिँदैन । सहरतर्फका विद्यार्थीहरूको मानक विचलन १०.८९ रहेको छ । उक्त मानक विचलन समग्र मानक विचलनभन्दा ५.१९ ले कमी हो तसर्थ सहरतर्फका विद्यार्थीहरूको प्राप्ताङ्कमा भने केही एकरुपता देखिएको छ ।

### ४.१.२ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना

तालिका १२

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| छात्र | ४३ | ५४.६५ | ५३.७३ | १५.४८ | १६.०८ |
| छात्रा | ५२ | ५४.०७ | | १६.८६ | |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

मथिको तालिकालाई लैङ्गिक दृष्टिले हेर्दा छात्रतर्फ ४३ जना रहेका छन् भने ५२ जना छात्राहरू रहेका छन् । उक्त तथ्याङ्कलाई समग्र मध्यमानका आधारमा तुलना गर्ने हो भने छात्र विद्यार्थीहरूको मध्यमान ५४.६५ रहेको छ भने छात्रा विद्यार्थीहरूको मध्यमान ५४.०७ रहेको छ । समग्र मध्यमानको आधारमा छात्र विद्यार्थीको मध्यमान ०.९२ ले बढी रहेको छ । छात्रा विद्यार्थीको मध्यमान ५४.०७ रहेको छ । उक्त छात्रा विाद्यार्थीहरूको मध्यमानलाई समग्र मध्यमानसँग तुलना गर्दा ०.३४ ले बढी देखिन्छ तसर्थ समग्र मध्यमानका आधारमा छात्र तथा छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता तुलनात्मक रूपमा सन्तोषजनक रहेको छ ।

माथिको तालिकालाई समग्र मानक विचलनका आधारमा हेर्ने हो भने समग्र मानक विचलन १६.०८ रहेको छ । छात्र विद्यार्थीको मानक विचलन १५.४८ रहेको छ । यहाँ समग्र मानक विचलनको तुलनामा ०.६ ले अन्तर देखिन्छ । छात्रा विद्यार्थीहरूको मध्यमानलाई समग्र मानक विचलनका आधारमा हेर्ने हो भने छात्रा मानक विचलन १६.८६ रहेको छ त्यसकारण यो ०.७८ ले अन्तर हो । यो समूहका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा धेरै अन्तर नदेखिए तापनि समग्रमा प्राप्तङ्कमा एकरुपता भने देखिँदैन ।

### ४.१.३ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीबीच तुलना

तालिका १३

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ८५ | ५०.५३ | ५३.७३ | १७.१९ | १६.०८ |
| नेपाली दोस्रो भाषी | १० | ४३.३ | | १७.६८ | |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी र नेपाली दोस्रो भाषीकाबीच तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीको कुल सङ्ख्या ८५ रहेको छ भने नेपाली दोस्रो भाषी विद्यार्थीहरूको कुल सङ्ख्या १० रहेको छ । समग्र मध्यमानको आधारमा उक्त वर्गको तुलना गर्दा समग्र मध्यमान ५३.७३ रहेको छ । नेपाली मातृभाषी विद्यार्थीको मध्यमान ५०.५३ रहेको छ उक्त मध्यमानलाई हेर्दा समग्र मध्यमानको आधारमा ३.२ ले कमी हो । समग्र मध्यमानको आधारमा यसलाई त्यत्रो धेरै तल मानिँदैन तसर्थ नेपाली मातृभाषी विद्यार्थीहरूको क्षमता सामान्य नै रहेको छ । त्यसै गरी नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ४३.३ छ र यो समग्र मध्यमन ५३.७३ को तुलनामा १०.४३ ले कमी हो । समग्र मध्यमानका आधारमा नेपाली दोस्रो भाषी विद्यार्थीमा मध्यमान कमी रहेकोले नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमता निकै कमजोर वा चिन्ताजनक रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा मानक विचलन १६.०८ लाई आधार मान्दा नेपाली मातृभाषीहरूको मानक विचलन १७.१९ रहेको छ र यो समग्र मानक विचलनका आधारमा १.११ ले बढी हो । त्यसै गरी नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन १७.६८

रहेको छ यो समग्र मानक विचलन १६.०८ को तुलनामा १.६ ले बढी रहेको छ । समग्रमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूमा समग्र मानक विचलनका आधारमा धेरै अन्तर नदेखिएको हुनाले नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्क वितरण सामान्य रहेको पाइन्छ ।

### ४.१.४ पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा संस्थागत र सामुदायिक विद्यालयबीच तुलना

तलिका १४

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| संस्थागत | २० | ५८.७ | ५३.७३ | २०.७३ | १६.०८ |
| सामुदायिक | ७५ | ५३.१७ | | १५.६५ | |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

विद्यालयको प्रकृतिका दृष्टिले माथिको तथ्याङ्कलाई हेर्दा निजी (संस्थागत) विद्यालयका २० जना र सरकारी (सामुदायिक) विद्यालयका जम्मा ७५ जना विद्यार्थीहरू लिइएका छन् । यस तथ्याङ्कलाई समग्र मध्यमान र समग्र मानक विचलनका आधारमा तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५८.७ रहेको छ । समग्र मध्यमान ५३.७३ को तुलनामा ४.९७ ले बढी देखिन्छ । समग्र मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान बढी देखिनुले संस्थागत विद्यालयको विद्यार्थीको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । समग्र मध्यमानको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ५३.१७ रहेको छ । यो मध्यमान समग्र मध्यमान ५३.७३ का आधारमा ०.५६ ले अन्तर हो तसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरू संस्थागत विद्यालयका विद्यार्थीको क्षमताभन्दा कम भए तापनि मध्यमानको आधारमा सामान्य देखिन्छ ।

समग्र मानक विचलनका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूबीच तुलना गर्दा समग्र मानक विचलन १६.०८ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक चिलन २०.७३ रहेको छ । यो मानक विचलन समग्र मानक विचलनका आधारमा ४.६५ ले धेरै हो तसर्थ संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा समान देखिँदैन । समग्र मानक विचलनका आधारमा सामुदायिक

विद्यालयका विद्यार्थीको मानक विचलन १५.६५ रहेको छ । यो समग्र मानक विचलनको आधारमा ०.४३ ले अन्तर देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा एकरुपता देखिएको छ ।

### ४.१.५ पठनबोध क्षमता जातीयताका आधारमा विभिन्न जातिबीच तुलना

तालिका १५

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मनक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| बहुन/क्षेत्री | ४० | ५३.४ | ५३.७३ | १८.६६ | १६.०८ |
| नेवार | ५२.५८ | ५२.५८ | | १४.५५ | |
| राई | १० | ५९.२ | | १५.७९ | |
| लिम्बू | १० | ६०.१ | | १०.४६ | |
| अन्य | २३ | ४९.६९ | | १३.६९ | |

(स्रोत : विद्यार्थीसँग लिइएको परीक्षाको नतिजा)

माथिको तालिकालाई जातिगत दृष्टिले तुलना गर्दा तालिकामा समग्र मध्यमान ५३.७३ रहेको छ भने समग्र मानक विचलन १६.०८ रहेको छ । यस अध्ययनमा बाहुन/क्षेत्री विद्यार्थी जम्मा ४० जना रहेका छन् । बाहुन/क्षेत्री विदार्थीको मध्यमान ५३.४ रहेको छ । यो मधयमानलाई समग्र मध्यमानको आधारमा तुलना गर्दा ०.३३ ले कमी हो । समग्र मानक विचलनका आधारमा बाहुन/क्षेत्री विद्यार्थीलाई हेर्दा बाहुन/क्षेत्री विद्यार्थीको मानक विचलन १८.६६ रहेको छ । समग्र मानक विचलन १६.०८ का आधारमा बाहुन/क्षेत्री विद्यार्थीको मानक विचलन बढी देखिन्छ ।

जातिगत दृष्टिले नेवार विद्यार्थीलाई समग्र मध्यमान र समग्र मानक विचलनका आधारमा तुलना गर्दा नेवार विद्यार्थीको मध्यमान ५२.५८ रहेको छ । यो मध्यमान समग्र विद्यार्थीको मध्यमानभन्दा १.१५ ले तल देखिन्छ । समग्र मानक विचलनका आधारमा नेवार विद्यार्थीहरूलाई तुलना गर्दा नेवार विद्यार्थीहरूको मानक विचलन १४.५५ रहेको छ । यो समग्र मानक विचलनभन्दा १.५३ कमी रहेको छ ।

जातीय दृष्टिकोणले राई विद्यार्थीहरूको नतिजालाई हेर्दा जम्मा १० जना विद्यार्थी रहेकोमा राई विद्यार्थीको मध्यमान ५९.२ रहेको छ । उक्त मध्यमान समग्र मध्यमानभन्दा

५.७४ ले बढी हो । मानक विचलनलाई हेर्दा राई विद्यार्थीको मानक विचलन १५.९७ रहेको छ र उक्त मानक विचलन समग्र मानक विचलनभन्दा ०.१२ ले तल रहेको छ ।

लिम्बू विद्यार्थीहरूको नतिजालाई तुलना गर्दा लिम्बू विद्यार्थीहरूको मध्यमान ६०.१ रहेको छ । यो मध्यमान समग्र मध्यमान ५३.७३ को तुलनामा ६.३७ बढी रहेको छ । मानक विचलनका दृष्टिले हेर्दा लिम्बू विद्यार्थीहरूको मानक विचलन १०.४६ रहेको छ । यो मानक विचलन समग्र मानक विचलनभन्दा ५.६२ ले कमी हो तसर्थ लिम्बू विद्यार्थीहरूमा प्राप्ताङ्क विचलनमा अरु जातिभन्दा राम्रो देखिन्छ ।

जातीयताका दृष्टिले अन्य (राजवंशी ७ जना, ताजपुरिया ५ जना, गुरुङ १ जना, मेचे ८ जना र थारू २ जना) जम्मा २३ जना विद्यार्थीहरूमा समग्र मध्यमानका आधारमा तुलना गर्दा अन्य विद्यार्थीहरूको प्राप्ताङ्क ४९.६९ रहेको छ । समग्र मध्यमान ५३.७३ को तुलनामा ४.०४ ले तल रहेको पाइन्छ । मानक विचलनलाई तुलना गर्दा अन्य विद्यार्थीहरूको मानक विचलन १३.६९ रहेको छ । उक्त मानक विचलन समग्र मानक विचलन १६.०८ को तुलनामा २.३९ ले कम्ती हो । समग्र मानक विचलनका आधारमा अन्य विद्यार्थीको मानक विचलन कम देखिएकोले अन्य विद्यार्थीको प्राप्ताङ्क विवरण सामान्य रहेको पाइन्छ ।

माथिको तालिकामा उल्लेख भएका विभिन्न जातिका विद्यार्थीलाई जातिगत रूपमा बाहुन/क्षेत्री र नेवारबीच तुलना गर्दा समग्र मध्यमान ५३.७३ का आधारमा बाहुन/क्षेत्री विद्यार्थीको मध्यमान ५३.४ रहेको छ भने नेवार विद्यार्थीहरूको मध्यमान ५२.५८ रहेको छ । मानक विचलनलाई हेर्दा समग्र मानक विचलन १६.०८ रहेको छ । बाहुन/क्षेत्री विद्यार्थीको मानक विचलन १८.६६ रहेको छ । यो समग्र मानक विचलनभन्दा २.५८ ले धेरै हो र नेवार विद्यार्थीहरूको मानक विचलन १४.५५ रहेको छ । यो मानक विचलन समग्र मानक विचलनभन्दा १.५३ ले कम्ती हो । समग्रमा हेर्दा बाहुन/क्षेत्री विद्यार्थी र नेवार विद्यार्थीको मानक विचलन धेरै देखिएको छ तापनि बाहुन/क्षेत्री विद्यार्थीहरूको मानक विचलन नेवार विद्यार्थीको भन्दा धेरै देखिएको छ । त्यसका अर्थ नेवार विद्यार्थीभन्दा बाहुन/क्षेत्री प्राप्ताङ्क विवरणमा समानता वा एकरुपता नभएको हो । समग्र मध्यमानको आधारमा बाहुन/क्षेत्री र नेवार विद्यार्थीको मध्यमान समग्र मध्यमानभन्दा तल देखिए तापनि मध्यमानभन्दा धेरै अन्तर नभएको हुँदा दुवै थरीका विद्यार्थीमा पठनबोध क्षमता सन्तोषजनक नै मान्न सकिन्छ ।

माथिको तालिकालाई राई विद्यार्थी र लिम्बू विद्यार्थीहरूमा तुलनात्मक विश्लेषण गर्दा राई विद्यार्थीको मध्यमान ५९.२ रहेको छ भने लिम्बू विद्यार्थीहरूको मध्यमान ६०.१

रहेको छ । मध्यमानको आधारमा हेर्दा राई विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानको तुलनामा ५.४७ ले धेरै देखिन्छ भने लिम्बू विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानको तुलनामा ६.३७ ले धेरै देखिन्छ । समग्र मध्यमानको तुलनामा राई लिम्बू विद्यार्थीमा पठनबोध क्षमता उत्कृष्ट रहेको छ । राईको तुलनामा लिम्बू विद्यार्थीहरूको क्षमता ०.९ ले धेरै रहनुले पनि राईभन्दा लिम्बू विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ । मानक विचलनका आधारमा हेर्दा राई विद्यार्थीको मानक विचलन १५.९७ रहेको छ भने लिम्बू विद्यार्थीहरूको मानक विचलन १०.४६ रहेको छ । यहाँ राई र लिम्बू विद्यार्थीको मानक विचलनमा ५.५१ को अन्तर रहेको छ तसर्थ लिम्बू विद्यार्थीको मानक विचलन समग्र मध्यमानको तुलनामा कम्ती रहेकोले राई वा अन्य विद्यार्थीको तुलनामा लिम्बू विद्यार्थीको प्राप्ताङ्क विवरणमा एकरुपता देखिन्छ ।

माथिको तालिकामा अन्य विद्यार्थी जम्मा ताजपुरिया ५ जना, गुरुङ १ जना, मेचे ८ जना र थारू २ जना र राजवंशी ७ जना गरी जम्मा २३ जना यस अध्ययनमा समावेश भएका छन् । अन्य विद्यार्थी र बाहुन/क्षेत्री विद्यार्थीहरूमा तुलनात्मक विश्लेषण गर्दा अन्य विद्यार्थीहरूको मध्यमान ४९.६९ रहेको छ । जुन मध्यमानभन्दा ४.०४ ले कमी हो तर बाहुन/क्षेत्री विद्यार्थीको मध्यमान समग्र मध्यमानभन्दा ०.३३ ले कमी हो । तुलनात्मक रूपमा बाहुन/क्षेत्री र अन्य विद्यार्थीमा मध्यमान ३.७१ ले अन्तर देखिन्छ । बाहुन/क्षेत्रीभन्दा अन्य विद्यार्थीको पठनबोध क्षमता निकै कमजोर र चिन्ताजनक रहेको पाइन्छ । मानक विचलनको आधारमा हेर्दा अन्य विद्यार्थीको मध्यमान १३.६९ छ भने बाहुन/क्षेत्रीको मानक विचलन १८.६६ रहेको छ । जुन ४.९७ ले अन्तर हो । पठनबोध क्षमतामा बाहुन/क्षेत्री विद्यार्थीहरू अन्यको तुलनामा राम्रो देखिए तापनि मानक विचलनका दृष्टिले अन्य विद्यार्थीमा प्राप्ताङ्कको विवरण न्यून रहेकोले अन्य विद्यार्थी प्राप्ताङ्कमा एकरुपता भएको पाइन्छ ।

# अध्याय पाँच

## निष्कर्ष तथा सुझावहरू

### ५.१. निष्कर्ष

लखनपुर गा.वि.स.का कक्षा नौमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमतासम्बन्धी यस अध्ययन गर्दा निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ ।

१. समग्र पठनबोध क्षमतामा विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा ३७.८९ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतभन्दा माथि देखिएकाले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता कमजोर रहेको देखिन्छ ।

२. समग्र विद्यार्थीहरूको मध्यमानका आधारमा समग्र मध्यमानभन्दा १.०६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल देखिएकाले समग्र विद्यार्थीको पठनबोध क्षमता सामान्य रहेको देखिन्छ ।

३. समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको प्रतिशत अङ्क गणना गर्दा ५९ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतभन्दा माथि रहेकाले समग्र विद्यार्थीको दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

४. दृष्टांश पठनबोध क्षमतामा विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमानलाई आधार मानी गणना गर्दा मध्यमानभन्दा माथि ९.४८ प्रतिशतले धेरै रहेकाले समग्र विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उत्कृष्ट रहेको पाइन्छ ।

५. समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता गणना गर्दा २७.३७ प्रतिशतमात्र ६० प्रतिशतभन्दा माथि रहेकाले समग्र विद्यार्थीको अदृष्टांश पठनबोध क्षमताको अवस्था चिन्ताजनक वा अति कमजोर रहेको देखिन्छ ।

६. समग्र विद्यार्थीहरूको अदृष्टांश मध्यमानलाई आधार मान्दा ३.१६ प्रतिशतले धेरै हुनुले अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ भने मानक विचलनलाई हेर्दा विद्यार्थीहरूको प्राप्ताङ्कको विवरणमा समानता देखिँदैन ।

७. समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमतालाई हेर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान ३१.५१ रहेको र मानक विचलन ८.०४ रहेको छ । अदृष्टांश पठनबोधको मध्यमान २३.३१ र मानक विचलन १०.३२ रहेको छ । यी दुबैलाई तुलना गर्दा विद्यार्थीहरू दृष्टांशमा भन्दा अदृष्टांश पठनबोध क्षमतामा कमजोर रहेको पाइन्छ

भने अदृष्टांशमा भन्दा दृष्टांशमा मानक विचलन कम रही अङ्कमा केही एकरुपता रहेको पाइन्छ ।

८. समूहगत रूपमा विद्यार्थीहरूको पठनबोध क्षमता प्रतिशतका आधारमा हेर्दा गाउँतर्फका विद्यार्थी पठनबोधमा कमजोर रहेको देखिन्छ । सहरतर्फका विद्यार्थीहरू विद्यार्थीहरूमा मध्यमानभन्दा माथि विद्यार्थी धेरै देखिएकाले सहर तर्फका विद्यार्थीहरूको पठनबोध क्षमता उत्कृष्ट रहेको छ । लिङ्गगत आधारमा ५३.४९ प्रतिशत छात्र विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् भने ४८.०५ प्रतिशत छात्रा विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् । तुलनात्मक रूपमा छात्र विद्यार्थीभन्दा छात्रा विद्यार्थीको प्रतिशत राम्रो देखिन्छ ।

९. समग्र मध्यमानका आधारमा नेपाली मातृभाषी विद्यार्थीभन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । नेपाली मातृभाषीतर्फ ५०.५९ प्रतिशत मध्यमानभन्दा माथि र ४९.४१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनु, त्यसै गरी ४० प्रतिशत नेपाली दोस्रो भाषी विद्यार्थीहरू मध्यमान भन्दा माथि र ६० प्रतिशत नेपाली दोस्रो भाषी विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकोले उक्त कुराको पुष्टि हुन्छ ।

१०. जातीय दृष्टिकोणले समग्र मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीभन्दा सामुदायिक विद्यालयका विद्यार्थीको क्षमता उत्कृष्ट रहेको छ । जातीय दृष्टिकोणले लिम्बू जातिका विद्यार्थीको पठनबोध क्षमता सबैभन्दा उत्कृष्ट रहेको छ भने त्यसपछाडि राई विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको छ । लिम्बू र राई विद्यार्थीहरूको क्षमताको तुलनमा बाहुन/क्षेत्री, नेवार विद्यार्थीहरूको क्षमता कमशः घट्दै गएको देखिन्छ । यस तालिकामा उल्लेख भएका अन्य विद्यार्थीको पठनबोध क्षमता बाहुन/क्षेत्री, नेवार, राई, लिम्बूको भन्दा कमजोर रहेको छ अथवा अन्य जातिमा राखिएका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर देखिन्छ ।

११. दृष्टांश पठनबोध क्षमतालाई स्थानीयताको दृष्टिले हेर्दा गाउँतर्फका विद्यार्थीहरू मध्यमानभन्दा माथि कम प्रतिशत हुनाले गाउँले विद्यार्थीहरूको क्षमता कमजोर देखिन्छ भने सहरतर्फको विद्यार्थीहरूको मध्यमानभन्दा माथिको प्रतिशत बढी भएकोले गाउँले विद्यार्थीभन्दा सहरका विद्यार्थीमा पठनबोध क्षमता उत्कृष्ट रहेको पाइन्छ । लैङ्गिक आधारमा हेर्दा छात्र र छात्राको मध्यमानभन्दा माथि नै बढी प्रतिशत रहेकाले छात्रछात्रामा दृष्टांश पठनबोध क्षमता राम्रो देखिन्छ र तुलनात्मक रूपमा हेर्दा छात्रभन्दा

छात्राको पठनबोध क्षमता राम्रो देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा संस्थागत वा निजी विद्यालयका विद्यार्थीको प्रतिशत मध्यमानभन्दा तल धेरै देखिएकोले र सामुदायिक विद्यालयको विद्यार्थीको प्रतिशत मध्यमानभन्दा माथि धेरै देखिनुले संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

१२. भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई समग्र दृष्टांश मध्यमानका आधारमा हेर्दा बहुप्रतिशत नेपाली मातृभाषी विद्याथीहरूका पठनबोध क्षमता मध्यमानभन्दा माथि र बहुप्रतिशत नेपाली मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले नेपाली मातृभाषी विद्यार्थीमा भन्दा नेपाली दोस्रो भाषी विद्यार्थीमा दृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । जातीयताका दृष्टिले हेर्दा ७०/७० प्रतिशत विद्यार्थी राई र लिम्बू विद्यार्थी मध्यमानभन्दा माथि रहनुले राई र लिम्बू विद्यार्थीमा दृष्टांश पठनबोध क्षमता समान रहेको पाइन्छ । बाहुन/क्षेत्री र नेवार विद्यार्थीमा पनि ५०/५० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहनुले पनि बाहुन/क्षेत्री विद्यार्थीमा पठनबोध क्षमता समान रहेको छ । अन्य समूहमा राखिएका विद्यार्थीहरूलाई हेर्दा अल्पसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि भएकाले बाहुन/क्षेत्री, नेवार, राई र लिम्बू विद्यार्थीहरूका तुलनामा अन्य समूहमा राखिएका विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता कमजोर रहेको देखिन्छ ।

१३. समग्र अदृष्टांश मध्यमान २३.३१ का दृष्टिले अदृष्टांश क्षमतालाई स्थानीयताका दृष्टिले हेर्दा गाउँतर्फका विद्यार्थीहरूमा मध्यमानभन्दा माथि कम प्रतिशत हुनाले कमजोर नै मानिन्छ । सहरतर्फका विद्यार्थीहरूमा मध्यमानभन्दा माथि धेरै प्रतिशत हुनाले सहरतर्फका विद्यार्थीहरूमा पठनबोध क्षमता उत्कृष्ट पाइन्छ । लिङ्गगत दृष्टिले हेर्दा छात्र र छात्रामा मध्यमानभन्दा माथि धेरै विद्यार्थी रहेको र उनीहरूका बीचमा ०.३६ ले मात्र अन्तर देखिएकोले छात्र र छात्रामा अदृष्टांश पठनबोध क्षमता समान रहेको पाइन्छ । विद्यालयको प्रकृतिको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूमा मध्यमानभन्दा तल र माथि समान प्रतिशत रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीको प्रतिशत मध्यमानभन्दा माथि धेरै रहेकोले सामुदायिक र निजी विद्यालयका विद्यार्थीमा अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषीको तुलनामा नेपाली दोस्रो भाषी विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता ज्यादै कमजोर रहेको पाइन्छ । जातिगत आधारमा हेर्दा राई र लिम्बू विद्यार्थीहरूमा

अदृष्टांश पठनबोध क्षमता उच्च रहेको छ भने बाहुन/क्षेत्री र नेवार विद्यार्थीहरूमा पनि बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहेकोले बाहुन/क्षेत्री विद्यार्थीमा पनि अदृष्टांश पठनबोध क्षमता उच्च नै रहेको छ तर अन्य समूहमा राखिएका ताजपुरिया, गुरुङ, मेचे, थारू र राजवंशी विद्यार्थीहरूको अल्पसङख्या विद्यार्थी मध्यमानभन्दा माथि रहेकोले उनीहरूमा अदृष्टांश पठनबोध क्षमता निकै चिन्ताजनक रहेको पाइन्छ ।

## ५.२. सुझावहरू

प्रस्तुत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएका छन् ।

१. विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि प्रायोगिक पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्छ ।

२. पाठ्यपुस्तकमा समावेश गरिएका गद्य वा पद्यहरू विद्यार्थीका क्षमता, बौद्धिक स्तर, रुचिअनुसारको हुनुपर्छ ।

३. विद्यार्थीहरूमा बोध क्षमता अभिवृद्धिका लागि विषयवस्तु चयन गर्दा लिङ्ग, भाषा, अवस्थिति, विद्यार्थीको स्तर, रुचि आदि पक्षहरूलाई ध्यानमा राख्नुपर्छ ।

४. बोधमा आउने अवरोध हटाउन भाषाको शब्दभण्डारमा रहेका आगन्तुक शब्दको प्रयोगसम्बन्धी विस्तृत जानकारी दिँदै ती शब्दहरूको अर्थ खुलाई दिनु पर्छ ।

५. सरकारी विद्यालयका विद्यार्थीरूभन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको तथ्यले देखाएको हुँदा निजी विद्यालयमा घोकेर उत्तर दिने प्रथालाई कम गराउनु पर्छ ।

६. पाठ्यपुस्तकमा समावेश भएका गद्यहरू रोचक तथा ज्ञानबर्द्धक हुनुपर्छ ।

७. निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीहरू पठनबोधमा कमजोर रहेको पाइएको छ । सबैभन्दा पहिले यी विद्यालयले नेपाली भाषाको महŒवको बारेमा विद्यार्थीहरूलाई सचेत तुल्याउनुपर्छ । निजी विद्यालयमा नेपाली भाषा प्रयोग गर्न हतोत्साही गरिन्छ । विद्यालयले नेपाली भाषा पनि हाम्रो अमूल्य पहिचान हो भन्ने कुरो बुझी

पाठ्यभारअनुसार नेपाली भाषा शिक्षण गर्नुपर्छ । शिक्षण गर्दा विभिन्न प्रकारका शिक्षण सामग्रीको प्रयोग गरी अतिरिक्त क्रियाकलापसहित शिक्षण गर्नुपर्छ ।

८. तुलनात्मक रूपमा सहरको भन्दा गाउँतर्फका विद्यार्थीमा पठनबोध क्षमता कमजोर देखिएकोले उनीहरूमा पठनबोध क्षमता अभिवृद्धि गर्न रेडियो, पत्रपत्रिका, टेलिभिजनको माध्यमले विशेष शिक्षा दिने व्यवस्था मिलाउनुपर्छ

९. मातृभाषी भन्दा विमातृभाषी विद्यार्थीहरू पठनबोध क्षमतामा कमजोर रहेको तथ्यले प्रमाणित गरेको हुँदा त्यस्ता विद्यार्थीहरूका लागि नेपाली भाषाका अन्य थप सन्दर्भ पुस्तकहरू समावेश गरी अभ्यास गराउनुपर्ने देखिन्छ ।

१०. नेपालका कतिपय क्षेत्रमा शैक्षिक सत्र अन्त्य हुँदा पनि पुस्तकहरू उपलब्ध नभई शिक्षकले मुखले भनेको सुनेर जान्नुपर्ने बाध्यता रहेको तथा आधिकारिक पुस्तक पढ्न नपाएको कारणले त्यस्ता क्षेत्रका विद्यार्थीहरू कमजोर हुन्छन् त्यसैले देशको सबै क्षेत्रमा शैक्षिक सत्रको सुरुमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्छ ।

११. कतिपय विद्यालयमा नेपाली मूल विषय पढेका तालिम प्राप्त शिक्षक नराखी अन्य विषयबाट आएका तालिम अप्राप्त शिक्षकले नेपाली पढाउँदा झारा टार्ने काम भई विद्यार्थीहरूको पठनबोध क्षमतामा कमजोर हुने गर्दछन् तसर्थ विद्यालयमा त्यस्तो नगरी नेपाली विषयका लागि तालिम प्राप्त विषयगत शिक्षकलाई नियुक्त गर्नुपर्दछ ।

### ५.३. शैक्षिक प्रयोजन

प्रस्तुत शोधको शैक्षणिक प्रयोजनलाई निम्नानुसार देखाउन सकिन्छ ।

१. पठनबोध क्षमता सम्बन्धी आउँदो वर्षमा गरिने अनुसन्धानको लागि आधार प्रदान गर्दछ ।

२. विभिन्न समूह निजी तथा सरकारी, छात्र तथा छात्रालगायत अन्य पक्षमा तुलनात्मक अध्ययन गरी समस्याको पहिचानका साथै समस्या समाधान गर्नु,

३. प्रस्तुत शोधले भाषा पाठ्यपुस्तक शिक्षणमा सहयोग पुऱ्याउँछ ।

४. यस अध्ययनले पाठ्यपुस्तक निर्माता, भाषा शिक्षकलाई पाठ्यपुस्तकमा र शिक्षण गरिने विषयवस्तु छनोटमा आधार प्रदान गर्दछ ।

५. विद्यार्थीहरूको पठनबोध क्षमतामा देखिएको कमी कमजोरीहरू हटाई तिनमा सुधार ल्याउन नवीन आधारहरू प्रदान गर्दछ ।

६. भाषा शिक्षक तथा विद्यालयलाई शिक्षण क्रियाकलापमा आवश्यक सुधार ल्याउन आधार प्रदान गर्दछ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. संस्थागत र सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

२. कक्षा चारमा पढ्ने बहिरा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

३. कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूमा दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक अध्ययन

४. भाषिक पृष्ठभूमिका आधारमा निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

५. भाषिक पृष्ठभूमिका आधारमा पठनबोध क्षमतामा फरक पार्ने कारणहरूको अध्ययन

६. पहाड र तराई कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

७. विद्यालयको प्रकृतिका आधारमा संस्थागत र सामुदायिक विद्यालयमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

८. उमेरगत आधारमा विद्यार्थीको पठनबोधमा असर पार्ने कारणहरूको अध्ययन

९. कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका आगन्तुक शब्दले पठनबोधमा पार्ने असरको अध्ययन

१०. कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको मौन पठनबोध क्षमताको अध्ययन

## सन्दर्भ सामग्री तथा गन्थसूची


अधिकारी, र भट्टराई, (सम्पा., २०६६) **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा. लि.

उपाध्याय गुरुप्रसाद (२९६०), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर

खनाल, शान्ता (२०६१) **काठमाडौँ उपत्यकाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन**, महेन्द्ररत्न क्याम्पस, ताहाचल,

खत्री पवित्र (२०६५) **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन**, अप्रकाशित एम. एड. शोधपत्र, त्रि. वि. कीर्तिपुर

गौतम गरुप्रसाद (२०६०) **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** एम. एड. शोधपत्र,त्रि. वि. वि, कीर्तिपुर

ज्ञवाली कृष्णप्रसाद (२०६३) कक्षा **दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर

ढकाल शान्तिप्रसाद (२०६२) **नेपाली भाषा शिक्षण परिचय र प्रयोग,** मनकामना बुक्स एण्ड स्टेसनरी, ताहाचल

ढुङ्गेल भोजराज र दाहाल दुर्गाप्रसाद : (२०५६) **भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, भोटाहिटी काठमाडौँ एम. के. पब्लिसर्स ।

थापा सुशीला (२०६१) **कक्षा दसमा अध्ययनरत विद्यार्थीहरुमा लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन**, अप्र.स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि. वि. कीर्तिपुर

पराजुली ठाकुर (२०६८) **सबैको नेपाली**, साझा प्रकाशन, काठमाडौँ

पौडेल नेत्रप्रसाद (२०६०) **सामान्य तथा प्रायोगिक भाषाविज्ञान**, पैरवी प्रकाशन, काठमाडौँ

भट्टराई रामचन्द्र (२०६८) **भाषिक अनुसन्धान विधि**, शुभकामना पब्लिसर्स, ताहाचल, काठमाडौं

लम्साल, रामचन्द्र र अन्य (२०५७) **नेपाली शिक्षक निर्देशिका कक्षा नौ** जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, भक्तपुर

श्रेष्ठ, दयाराम र अन्य (२०५६) **नेपाली**, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, भक्तपुर